# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २०१ | काठमाडौं | आइतबार, ०२ मंसिर २०८१ | Prabhab National Daily | Sunday, November 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं**

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने ब्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


## मुस्ताङको स्याउः

# बढ्दो माग, पुऱ्याउन धौधौ

- ३० देखि ३५ प्रतिशतले बढ्यो उत्पादन
- बगैंचाबाटै प्रतिकिलो १५० रुपैयाँमा बिक्री
- मुस्ताङमा उत्पादित ९० प्रतिशत स्याउ पोखरामा खपत
- व्यावसायिक स्याउखेतीमा लागेका किसानमा उत्साह



■ **वासुदेव पौडेल/ सुशीलबाबु थकाली**

**गण्डकी-** मुस्ताङको स्याउको मुख्य बजार पोखरा हो । पोखरामा यहाँको स्याउको माग बढ्दो क्रममा छ । मुस्ताङमा उत्पादित कूल स्याउको करिब ९० प्रतिशत पोखरामा नै खपत हुने गरेको छ ।

पछिल्लो समयमा मुस्ताङमा बढ्दो पर्यटकको आगमनले त्यहाँबाट कोसेलीका रूपमा स्याउ बिक्रीसमेत हुने भएकाले यसको बजारका लागि भने कुनै समस्या नरहेको विगत लामो समययता स्याउको व्यावसायिक खेती गरिरहेका 'टुकुचे स्याउ नर्सरी'का सञ्चालक राजन शेर्पाले बताए । पोखराका साथै यहाँको स्याउ काठमाडौंसहित देशका अन्य बजारमा पनि खपत हुने गरेको छ । 'उत्पादन गर्न सके स्याउ बिक्री गर्न बजारको समस्या छैन,' शेर्पाले भने, 'यहाँ उत्पादन भएको स्याउ थोक मूल्यमा ठेकेदारले नै खरिद गरेर लैजाने गरेका छन् ।'

विगतमा परम्परागतरूपमा स्याउखेती गरिँदै आएकामा पछिल्लो समय नवीनतम् प्रविधिमा आधारित हाइडेन्सिटी स्याउ बगैंचा कार्यक्रमका कारण उत्पादन बढेको किसान बताउँछन् । 'नर्सरीमा नेदरल्याण्ड्सबाट ल्याएको हाइडेन्सिटी प्रजातिको स्याउका बिरुवा उत्पादन गरेका छौं,' शेर्पाले भने, 'उत्पादित बिरुवा उपल्लो डोल्पा, रुकुम, रोल्पालगायतका स्थानसम्म पुगेको छ ।' बर्सेनि १८ हजारसम्म स्याउका बिरुवा बिक्रीवितरण गरिरहेको उनले जानकारी दिए ।

मुस्ताङको मुख्य फलफूलखेतीका रूपमा रहेको स्याउको व्यावसायिक खेती २०२२ पछिमात्र सुरु भएको पाइन्छ । वि.सं. २०२२ मा तत्कालीन कृषि मन्त्रालय, फल उद्यान विभागले भारतीय राजदूतावासको सहयोगमा भारतको काश्मीरबाट स्याउका बिरुवा ल्याएर मुस्ताङमा वितरण गरेको थियो । स्थानीयवासीका अनुसार तत्कालीन समयमा प्रत्येक घरमा स्याउका तीन/तीन बिरुवा वितरण गरिएको थियो । त्यसयता स्याउको व्यावसायिक खेतीले बर्सेनि गति लिएको छ ।

(क्रमशः पृष्ठ ३ मा)

स्थानीय तह उपनिर्वाचन

# आज मनोनयन दर्ता, तालमेलको तयारीमा दलहरू

■ **जेबी योञ्जन**



**काठमाडौं-** आसन्न स्थानीय तह उपनिर्वाचनमा दलहरूबीच तालमेल हुने भएको छ । समाजवादी मोर्चामा आबद्ध चार दलले सहकार्य गर्ने भएका छन् । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बीच चुनावी सहकार्य हुने भएको हो । यी चारै दल समाजवादी मोर्चामा छन् । मोर्चामा आबद्ध दलहरूले उम्मेदवार भने दलीयरूपमा घोषणा गरिसकेका छन् । साझा उम्मेदवार तय गरेका छैनन् ।

सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेले पनि केही स्थानमा तालमेल गर्ने तयारी गरेका छन् । विशेषगरी माओवादी पकड क्षेत्रमा तालमेल गर्ने तयारीमा दुई दल लागेका हुन् । उपनिर्वाचनको कार्यतालिकाअनुसार उम्मेदवारी मनोनयन (दर्ता) आज हुँदै छ । निर्वाचन आयोगले बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म उम्मेदवारी दर्ताको समय दिएको छ ।

माओवादी सचिव चक्रपाणी खनालले छिट्टै मोर्चाको बैठक बसेर चुनावी सहकार्यबारे निर्णय लिने र साझा उम्मेदवार तय गरिने बताए । 'अहिलेलाई दलगत हिसाबमा उम्मेदवारी दर्ता हुन्छ । फिर्ता गर्न दिने समयसम्ममा मोर्चा घटक दलहरूबीच छलफल गरेर कसको उम्मेदवारी कायम र कसको फिर्ता लिने भन्ने टुंगो लाग्छ, अहिलेलाई यति भनौं कि समाजवादी मोर्चा सँगै चुनावमा हुन्छ,' उनले प्रभावसँग भने ।

मंसिर १६ गते देशभरका ४४ स्थानमा उपचुनाव हुँदै छ । मोर्चाले उपचुनावका लागि सहकार्यको निर्णय गर्ने अधिकार वडा, पालिका, जिल्ला र प्रदेशलाई दिएको छ ।

सहकार्यमा रहनेमध्येको एउटा दल नेकपाको भने उपचुनावमा उम्मेदवार हुने छैन । यस्तोमा नेकपाले मोर्चा घटक दलका उम्मेदवारहरूलाई सघाउने छ । यसअघि पनि पटक-पटक नेकपाले निर्वाचन बहिष्कार गरेको थियो । यसपटक भने निर्वाचनमा सहभागी नहुने तर मोर्चामा रहेका तीन दलका उम्मेदवारलाई सघाउने रणनीति अपनाएको उक्त दलका पोलिटब्युरो सदस्य असल क्षेत्रीले बताए । 'उपचुनावमा हाम्रा उम्मेदवार हुँदैनन् । हामी मोर्चाका उम्मेदवारहरूलाई सघाउँछौं,' उनले भने ।

यसो हुँदा उम्मेदवार मोर्चामा रहेका दलहरू माओवादी, एकीकृत समाजवादी र जसपाको मात्रै हुने भएका छन् । क्षेत्रीका अनुसार रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष, रुकुम पश्चिमको सानोभेरी गाउँपालिका वडा नम्बर ४ को वडाध्यक्षमा माओवादी उम्मेदवारलाई सघाउने निर्णय नेकपाको छ ।

(क्रमशः पृष्ठ २ मा)




### प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्ष पदका लागि घोषित उम्मेदवार

**कीर्तिपुर नगरपालिका प्रमुख, काठमाडौं**
कांग्रेस - कृष्णमान डंगोल
एमाले - डा. सुरेन्द्र मानन्धर
माओवादी - प्रा.डा. शिवशरण महर्जन
राप्रपा - ध्रुव महर्जन
स्वतन्त्र - राजमान मानव

**नलगाड नगरपालिका उपप्रमुख, जाजरकोट**
कांग्रेस - इन्द्रा चन्द सिंह
एमाले - सुनिता बोहोरा
माओवादी - देवका लामिछाने
रास्वपा - पार्वती पुन

**ग्रामथान गाउँपालिका अध्यक्ष, मोरङ**
कांग्रेस - बलराम सरदार
एमाले - तुल्सीराम विश्वास
माओवादी - नमोनारायण माझी

**महाबु गाउँपालिका अध्यक्ष, दैलेख**
कांग्रेस - झलकबहादुर भण्डारी
एमाले - जंगबहादुर शाही
माओवादी - जंग बराल
रास्वपा - प्रकाश बुढा

**गौरीशंकर गाउँपालिका उपाध्यक्ष, दोलखा**
कांग्रेस - पासाङडिकी तामाङ
एमाले - उमा शेर्पा
माओवादी - निमलेकी शेर्पा
रास्वपा - गोमा श्रेष्ठ
राप्रपा - मनकुमारी श्रेष्ठ

**सर्केगाड गाउँपालिका उपाध्यक्ष, हुम्ला**
कांग्रेस - सविता बुढा
एमाले - जाना शाही
माओवादी - कोपिला बुढा
रास्वपा - सुजाता फडेरा (थापा)

**स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष, बाजुरा**
कांग्रेस - पुल्तिसरा शाही
एमाले - सुलोचना कुमारी भण्डारी बुढा
माओवादी - राजुकुमारी विक

**पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष, रुकुम पूर्व**
कांग्रेस - ? (एमालेसँग सहकार्य तयारी)
एमाले - केशकुमारी तुलाचन
माओवादी - ज्ञानदेवी पुन

## आचारसंहिता लागू

निर्वाचन आयोगले स्थानीय तह उपनिर्वाचनका लागि आचारसंहिता लागू गरेको छ । शनिबार बसेको आयोगको बैठकले आज (आइतबार)देखि लागू हुनेगरी आचारसंहिता लागू गरेको हो । यससँगै उपनिर्वाचन हुने सम्बन्धित जिल्लाभित्र सार्वजनिक पद धारण गरेका व्यक्ति, निकाय तथा अधिकारीलाई निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू हुने भएको आयोगकी प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिइन् ।

आयोगका अनुसार संघीय सरकार र मन्त्री, प्रदेश सरकार र प्रदेशमन्त्री, संवैधानिक निकाय र सोका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सोका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई आचारसंहिता लाग्ने छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

## कोरियामा रोजगारी

# किन बढेन 'ई-७ भिसा'मा कामदार पठाउने प्रक्रिया ?

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** सरकारले 'ई-७ भिसा' अन्तर्गत सीपयुक्त दक्ष कामदार दक्षिण कोरिया पठाउन पछिल्लोपटक संशोधित कार्यविधि-२०८१ जारी गरे पनि थप प्रक्रिया अघि बढाउन सकेको छैन । विशेष सीप भएका विदेशी कामदारहरूलाई कोरियाले ई-७ भिसा दिएर आफ्नो देशमा काम गर्ने अनुमति दिने भए पनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारीको कार्यविधि कार्यान्वयन गर्न नसक्दा थप प्रक्रिया अघि बढाउन नसकेको हो ।

मन्त्रालयले यसअघि पहिलोपटक २०८० फागुन १७ गते कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी जारी गरेको कार्यविधि विवादित बनेपछि स्थगित भएको थियो । उक्त कार्यविधिलाई रोजगार अनुमति प्रणाली (इपिएस)लाई नै प्रभावित पार्ने र श्रमिकको हितमा नभएको भन्दै यसअघिका श्रममन्त्री डोलप्रसाद अर्यालले स्थगित गराएका थिए । पहिलो र संशोधित कार्यविधि दुवैमा ई-७ भिसामा संस्थागत (म्यानपावर कम्पनी) रूपमा कोरियामा कामदार पठाउन सकिने व्यवस्था गरिएको छ ।




### के हो ई-७ भिसा

दक्षिण कोरियामा इलेक्ट्रोनिक, मेकानिकल, पेन्टिङ, केयरगिभर, होटल तथा रेस्टुराँजस्ता क्षेत्रमा विशेष सीप भएका आप्रवासी कामदार आपूर्ति गर्दा ई-७ भिसा दिने गरिन्छ । धेरैजसो विदेशी कामदारलाई दिइने ई-७ भिसाको अवधि तीन वर्षको हुन्छ भने केहीले पाँच वर्षसम्मको पाउन सक्छन् । यस्तो भिसा लिएका कामदारहरूको करार अवधि पनि सहजै थप हुने र कामदारले चाहेसम्म कोरियामै बस्न पाउने कानुनी प्रावधान रहेको बताइन्छ । ई-७ भिसा पनि चार प्रकारका हुने गरेको कोरियाको विदेश मन्त्रालयको वेबसाइटमा उल्लेख गरिएको छ । जसमा 'ई-७ वान, ई-७ टु, ई-७ थ्री, ई-७ फोर र ई-७ एस' रहेको छ ।

डिभलपर, सेल्स र जनसम्पर्कका क्षेत्रमा काम गर्नेहरूलाई ई-७ वान भिसा दिइन्छ भने सेफ, कुक र स्वास्थ्य क्षेत्रमा काम गर्नेहरूले ई-७ टु भिसा पाउने छन् । त्यस्तै वेल्डिङ र पेन्टिङका क्षेत्रमा सीप भएकाहरू ई-७ थ्री र निर्माण र उत्पादनका क्षेत्रमा विशेष सीप भएका कामदारहरूलाइ ई-७ फोर भिसा दिइन्छ । यस्तै उच्च आम्दानी गर्ने र अत्याधुनिक प्रविधि क्षेत्रका जाने विदेशी कामदारहरूलाई ई-७ एस अन्तर्गत भिसा दिइने कोरिया सरकारले जनाएको छ ।

यसबाट म्यानपावरले जथाभावी रकम उठाउन सक्ने र इपिएस प्रणाली नै जोखिममा पर्ने भन्दै चौतर्फी आलोचना भइरहेको छ ।

सर्वत्र आलोचनाकाबीच श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले कार्यविधि कार्यान्वयन गर्ने आँट गर्न नसकेको मन्त्रालयकै अधिकारीहरूको भनाइ छ । यद्यपि, सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरेरमात्रै निर्णय लिइने मन्त्री भण्डारीले प्रस्ट पारिसकेका छन् । मन्त्री भण्डारीमाथि आर्थिक चलखेल गरेर म्यानपावरमार्फत ई-७ भिसामा कामदारलाई कोरिया पठाउनेगरी कार्यविधि ल्याएको आरोप लागेको छ । जसका कारण उनले आँट गरेर कार्यविधि कार्यान्वयन गर्न नसकेको बताइन्छ ।

मन्त्री भण्डारीले लामो समयदेखि कोरियामात्र नभई सरकारले सम्झौता गरेका क्षेत्रबाहेक अन्य सबैमा म्यानपावरमार्फत नै कामदार पठाउन पाउनुपर्ने बताउँदै आएका छन् । अहिले म्यानपावरबाट कामदार पठाउन दिने कि नदिने भन्ने अन्तरद्वन्द्वका कारण मुखैमा आएको अवसर गुमानुपर्ने अववस्था सिर्जना भएको मन्त्रालयका एक अधिकारीले बताए ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### आज मनोनयन...

हुम्लाको सर्केगाड गाउँपालिका उपाध्यक्ष पनि रिक्त छ । २०७९ वैशाखमा भएको चुनावमा माओवादीले जितेकाले यसपटक उसैलाई मोर्चाले सघाउने निर्णय भएको छ । माओवादीले जितेर रिक्त भएकामध्ये मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१२, महोत्तरीको रामगोपालपुर नगरपालिका-२, रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्ष, २ नम्बर वडाध्यक्ष, जाजरकोटको कुशे गाउँपालिका-७, कालिकोटको तिलागुफा नगरपालिका-४ र दार्चुलाको दुहुँ गाउँपालिका-५ हुन् । तर, माओवादीले सबैभन्दा बढी प्रतिष्ठाको विषय कीर्तिपुर नगरपालिकालाई बनाएको छ ।

कीर्तिपुरको प्रमुख माओवादीले लिने शनिबार एकीकृत समाजवादीसँग समझदारी भएको छ । समझदारीअनुसार एकीकृत समाजवादीले प्रमुखमा सहयोग गर्ने र माओवादीले काठमाडौं महानगरपालिका वडा नं १६ को अध्यक्षमा एकीकृत समाजवादीलाई सहयोग गर्ने भएको छ । कीर्तिपुरको प्रमुखमा माओवादीबाट प्रा.डा. शिवशरण महर्जन उम्मेदवार छन् । एकीकृत समाजवादीबाट काठमाडौं महानगरको १६ नम्बर वडाध्यक्षमा मीनबहादुर मानन्धर उम्मेदवार छन् । सहकार्यसम्बन्धी पत्रमा शनिबार माओवादी उपाध्यक्ष अग्निप्रसाद सापकोटा र एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले हस्ताक्षर गरेका छन् ।

#### कांग्रेस-एमाले पनि तालमेलमा !

एक्लाएक्लै चुनाव लड्ने घोषणा गरेका सत्तारुढ दुई दल नेपाली कांग्रेस र नेकपा एमालेले पनि चुनावी तालमेल गर्ने तयारी गरेका छन् । यी दुई दलबीचको तालमेल माओवादी केन्द्रको पकड क्षेत्रमा हुने बताइएको छ । रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष र सोही गाउँपालिकाको २ नम्बर वडाध्यक्षसँगै जाजरकोटको कुशे गाउँपालिका-७, कालिकोटको तिलागुफा नगरपालिका-४ र दार्चुलाको दुहुँ गाउँपालिका-५ र हुम्लाको सर्केगाड गाउँपालिका उपाध्यक्षमा चुनावी सहकार्य गर्ने पक्षमा दुई दलबीच संवाद चलिरहेको एक नेताले बताए ।

कांग्रेसबाट प्रवक्ता डा. प्रकाशशरण महत र एमालेसचिव पद्मा अर्याल यस कार्यमा खटिएका छन् । तर सहकार्य कहाँ-कहाँ गर्ने ? टुंगो लाग्न बाँकी रहेको केन्द्रीय सदस्य प्रकाश रसाइलीले बताए । उनका अनुसार सहकार्यको मोडालिटीबारे भने छलफल हुन बाँकी नै छ ।

कोशी प्रदेशमा झापाको कन्काई नगरपालिका-६, ताप्लेजुङको सिरीजंगा गाउँपालिका-३, तेह्रथुमको लालीगुराँस नगरपालिका-८, सुनसरीको गढी गाउँपालिका ६, मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष, ओखलढुंगाको मेलुङ गाउँपालिका-५ र उदयपुरको बेलका नगरपालिका-९ र त्रियुगा-१२ को वडाध्यक्ष पद रिक्त छ। ओखलढुंगाको जिल्ला समन्वय समिति प्रमुख पद पनि रिक्त छ ।

यस्तै, सप्तरीको डाक्नेश्वरी नगरपालिका-१ र ४, धनुषाको धनुषाधाम नगरपालिका-१, महोत्तरीकोरामगोपालनगरपालिका-२, रौतहटको इशनाथ नगरपालिका-७ र राजपुर नगरपालिका-६, गढीमाई नगरपालिका-८ को वडाध्यक्ष पद पनि रिक्त छ। काठमाडौंको कीर्तिपुर नगरपालिका प्रमुखसँगै १ र ४ तथा काठमाडौं महानगरपालिकाको-१६ नम्बर वडा, दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्ष, नुवाकोटको ककनी गाउँपालिका-२, हेटौंडा उपमहानगरपालिका-१२ मा पनि पद रिक्त छ।

गण्डकी प्रदेशमा पर्ने गोरखा नगरपालिका-५ को वडाध्यक्ष पद रिक्त छ। लुम्बिनी प्रदेशअन्तर्गत पर्ने गुल्मीको मुसिकोट नगरपालिका १, रोल्पाको रुण्टीगढी गाउँपालिका ४, कपिलबस्तुको शुद्धोधन गाउँपालिका १, बर्दियाको ठाकुरबाबा नगरपालिका ४ मा उपचुनाव हुँदैछ । कर्णाली प्रदेशमा पर्ने दैलेखको महाबु गाउँपालिका अध्यक्ष, दुल्लु नगरपालिका १३, कालीकोटको तिलागुफा नगरपालिका ४ जाजरकोटको कुसे गाउँपालिका ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका ५, हुम्लाको सर्केगाँड गाउँपालिका उपप्रमुख पनि रिक्त छ।

सुदूरपश्चिम प्रदेशअन्तर्गत पर्ने बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष, बझाङको सुर्मा गाउँपालिका ४, डोटीको पूर्वीचौकी गाउँपालिका ६, दार्चुलाको दुहुँ गाउँपालिका ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका ६ मा रिक्त पदमा उपचुनाव हुँदै छ ।

■■■

### आचारसंहिता...

राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ संगठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पदधारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी र विद्यालयमहाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीको हकमा पनि आचारसंहिता लागू हुने आयोगले जनाएको छ ।

यसैगरी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्ने छ । आचारसंहिता लागू भएको जिल्लाका निर्वाचन हुने स्थानीय तहबाहेक अन्य क्षेत्रमा निर्वाचन आचारसंहिताले निषेध गरेका कार्य गर्नु/गराउनु परेमा निर्वाचन आयोगलाई पूर्वजानकारी दिई निकास भएबमोजिम गर्न सकिने आयोगले जनाएको छ ।

आयोगकी प्रवक्ता पोखरेलले भनिन्, 'निर्वाचन आचारसंहिता सम्पूर्ण व्यक्ति, संस्था तथा अधिकारीको कानुनी दायित्व एवं नैतिक बन्धन भएकाले यसको सम्पूर्ण रूपले पालना गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रूपमा सम्पन्न गर्ने कार्यमा सबैको सहयोग हुनेमा आयोग विश्वस्त छु।' आचारसंहिता विपरीतका कार्य भए/गरेको पाइएमा वा हुन सक्ने पर्याप्त आधार र कारण देखिएमा मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले उजुरी दिन पनि आयोगले आग्रह गरेको छ ।

उपनिर्वाचन विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक/एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुँदै छ ।

■■■

### किन बढेन...

उनका अनुसार म्यानपावरबाटै ई-७ भिसामा नेपालीलाई पठाउने भन्ने मन्त्री भण्डारीको निर्णयले गर्दा कुनै प्रक्रिया अघि बढाउन सकिएको छैन । यद्यपि ई-७ भिसामा कामदार पठाउने प्रक्रिया सुरु भइ नसके पनि यसलाई अघि बढाउन परराष्ट्र मन्त्रालयमार्फत दक्षिण कोरियालाई पत्राचार गरिएको मन्त्रालयका सचिव मुकुन्द निरौलाले बताए । 'हामीले इपिएस प्रणालीमा असर नपर्ने गरी ई-७ भिसामा कामदारहरू पठाउने सिफारिस गरेका छौं,' उनले भने, 'केही बुँदामा अन्योल भएको जस्तो कुरा आएको छ, त्यसमा औपचारिक पत्र आएपछि हामी प्रस्ट भएर अघि बढ्नेछौं ।' कामदारहरू लागत खर्च रोजगारदाताले व्यहोर्ने कार्यविधिमै स्पष्ट भएकाले ई-७ भिसामा पठाउँदा संस्थागत ढंगले नै जाने हुँदा त्यसका लागि सरकारले आवश्यक मापदण्ड बनाउने सचिव निरौलाले बताए ।

### PUBLIC NOTICE

I, Tushal Mangal [S/o Pawan Kumar Mangal and Anita Devi Mangal], R/o Sanjarwas, Dist:- Bhiwani, Haryana>/ <Chetrapati Chowk, Kathmandu>; AND <**Surbhi Garg**>[N8502523>], D/o <Rajesh Kumar Agarwal> and <Suman Garg>, R/o <Ashok Kirana, Fariya Road, Loharu Dist-Bhiwani, Haryana, Chetrapati Chowk, Kathmandu have got married at Hotel Aloft, Thamel, Kathmandu on **11th July 2024** as per Indian traditions. Since, then we have been living as Husband and Wife. We have published this notice for Registration of our Marriage at Embassy of India, Kathmandu. If anyone has any objection to the marriage, he / she can contact +918569892454 and Embassy of India, Kathmandu on **cons.kathmandu@mea.gov.in**

### माथिल्लो माया खोला जलविद्युत आयोजना ५.० मे.वाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना !

(प्रकाशित मिति : २०८१/०८/०२ गते)

**वालेङ तुम्होक हाइड्रोपावर प्रा.लि.**द्वारा प्रस्तावित **माथिल्लो माया खोला जलविद्युत आयोजना ५.० मे.वा** को वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम मार्फत सरोकारवालाहरूको राय सुझाव सङ्कलन गर्नुपर्ने भएकोले स्थानीय जनता संघसंस्थाका प्रतिनिधिहरू तथा सरोकारवालारूह र प्रस्तावक संस्थाको प्रतिनिधिबिच प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनबारे सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै महानुभावहरूलाई सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**तपसिल :**

| मिति | समय | स्थान | सम्पर्क व्यक्ति |
|---|---|---|---|
| २०८१/०८/०९ | बिहान : ११:०० बजे | मादी नगर कार्यपालिकाको कार्यालय, ओखरबोटे | वालेङ्ग तुम्होक हाइड्रोपावर प्रा.लि. डम्बर दाहाल, ९८५१०५३५५८ |
| २०८१/०८/१० | बिहान : ११:०० बजे | धर्मदेवी नगर कार्यपालिकाको कार्यालय, मुडे शनिश्चरे | |

**नोट** : यसै आयोजनाद्वारा प्रभावित हुने घरधुरी र जग्गाको क्षेत्रफल सम्बन्धित स्थानीय निकायको कार्यालयमा टाँस गरिएको छ ।

### जन्ममिति फरक परेको सूचना




जिल्ला प्रशासन कार्यालय म्याग्दी वेनी च.नं.१०४० र मिति २०८१।०७।२५ को पत्र अनुसार हाल वेनी नगरपालिका वडा नं.५ बस्ने भारतीय भु.पु.सैनिक ५०४४२६६ह.चन्द्र बहादुर पुनको श्रीमती नेपाली नागरिकता प्रमाणपत्रमा नाम आरती पुन (Arati Pun) जन्ममिति र सन् १९७१।५।२ मिति २०२५।१२।१५ उल्लेख भएको र आर्मीको पेन्सन प्रमाणपत्रमा नाम अर्ती पुन (Arti Pun) जन्ममिति २०२८ वैशाख १९ उल्लेख भई नाम र जन्ममिति फरक परेपनि एउटै व्यक्ति भएको व्यहोरा प्रस्तुत गरिएको छ ।

### बर्दगोरिया गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

मुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०२

यस बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय को आ. व. २०८१/०८२ अन्तर्गत ठेक्का न.14/BRM/NCB/W/2081/082 को Construction of Sahara Ghar at Bardagoriya Rural Municipality Ward no. 02 ठेक्का न. 15/BRM/NCB/W/2081/082 को Balkanya Ma. Vi. Second floor finishing work कार्यका लागि प्रथम पटक सूचनाको बिस्तृत विवरण यस कार्यालयको वेबसाइट http://www.bardagoriyamun.gov.np र http://www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

### युनाइटेड गोर्खा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ (लि.)
**UNITED GURKHA SAVING & CREDIT CO-OPERATIVE LTD.**
कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४५२२२३७

**उन्नाइसौं वार्षिक साधारण सभा सम्वन्धी सूचना**

आदरणिय शेयरधनी महानुभावहरु,
मिति २०८१ कार्तिक २५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको उन्नाइसौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि अनुरोधका साथ सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
**मिति** : २०८१ साल मंसिर २१ गते शुक्रबार ।
**स्थान** : बेष्ट भेन्यु, कालोपुल, काठमाण्डौं ।
**समय** : अपरान्ह ११:०० बजे दिउँसो ।

**साधारण सभामा छलफल गर्ने प्रस्तावहरु:**
१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने २०८०/०८१ को वार्षिक प्रतिवेदन पर छलफल गरी पारित गर्ने ।
२. लेखा परिक्षणको प्रतिवेदन २०८०/०८१ को वासलत, नाफा-नोक्सान हिसाव सहितको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३. आ.व.२०८१/०८२ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
४. आ.व. २०८०/०८१ को साधारण सभाको निर्णय पूस्तिकामा हस्ताक्षर गर्न संचालक समिति र साधारण सभाका सदस्यहरुबाट कम्तीमा ८ जना प्रतिनीधि चयन गर्ने सम्वन्धमा ।
५. आ.व. २०८०/०८१ मा संचालक समितिको निर्णय बमोजिम संस्थामा भए गरेका कार्यहरुलाई अनुमोदन गर्ने सम्वन्धमा ।
६. भावी योजना तथा बजेट सम्बन्धमा ।
७. विविध ।

**संचालक समितिको आज्ञाले,**
सचिव


### युएईमा रोजगार
कम्पनी : CHINA NATIONAL CHEMICAL ENGINEERING & Construction Corporation Seven Middle East LLC
पूर्व स्वीकृति मिति : २०८१/०७/३० LT. No. 313518 चलानी नं. ६०२२८०७३

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 50 | 0 | 1000 | ३६,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason For Plaster ./ Block | 50 | 0 | 1300 | ४७,७८० | | | | | | | |
| 3 | Suttering Carpenter | 50 | 0 | 1300 | ४७,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ९ गते (24th Nov. 2024), सुनसरी, इटहरी उपमहानगरपालिका सुनसरी मल्टीप्रपोज ट्रेनिङमा २०८१ मंसिर ९ गते (24th Nov. 2024), धनुषा, जनकपुर उपमहानगरपालिका पि.आर ट्रेनिङ सेन्टरमा २०८१ मंसिर ९ गते (24th Nov. 2024), झापा दमक नगरपालिका अक्टुपस प्राविधिक ट्रेनिङ सेन्टरमा २०८१ मंसिर ९ गते (24th Nov. 2024), र झापा, बिर्तामोड नगरपालिका झापा टेक्निकल इनस्टिच्युटमा २०८१ मंसिर ९ गते (24th Nov. 2024) हुनेछ ।

Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

### साउदीमा रोजगार
कम्पनी : AL-AZKAR CAR DECORATION FOUNDATION
पूर्व स्वीकृति मिति : २०८१/०७/३० LT. No. 313665 चलानी नं. ६०२२८०९८

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. |
|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३५,८९१ |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ९ गते (24th Nov. 2024) मा हुनेछ ।

Sulav Recruitment Pvt.Ltd. Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

### UAE मा रोजगार
कम्पनी: TIRHAL EMPLOYMENT L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/२९ चलानी नं.: ६०२२८००२ LT. No.:313677

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen. Building Labor | 50 | 0 | | 900 | ३३,०१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ९ गते (24 November 2024) मा हुनेछ ।

Winner H.R. Solution Pvt.Ltd. Gov Lic 1537/078/079
Chakrapath Bhatbhateni Opposite Side of Indreni foodland
Tel: 01-5911104, 9808182308, 9845398895, 9841991638, 9851026746.
Email: winnerhrsolution2078@gmail.com, grghema128@gmail.com


### साउदीमा रोजगार
कम्पनी : Saadi Bin Saad Al Harbi and Partners Company
पूर्व स्वीकृति मिति : २०८१/०७/२९ LT. No. 313553 चलानी नं. ६०२२८०३९

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६४,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ९ गते (24th Nov. 2024) मा हुनेछ ।

WORKFORCE SERVICES PVT. LTD. श्रम इजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, ०२ मंसिर, २०८१

| राशि | फल |
|---|---|
| मेष | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| वृष | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| मिथुन | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| कर्कट | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| सिंह | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| कन्या | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| तुला | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| वृश्चिक | मार्गदर्शन अनुचित लाग्नेछ । |
| धनु | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| मकर | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| कुम्भ | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| मीन | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०२ मंसिर, २०८१ (१७ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.७४ | १३५.३४ |
| युरो | १ को | १४३.२२ | १४३.८५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.८६ | १७३.६३ |
| स्विस फ्रैन्क | १ को | १५२.९० | १५३.५८ |
| अस्ट्रेलियन डलर | १ को | ८८.१९ | ८८.५८ |
| क्यानाडियन डलर | १ को | ९६.५५ | ९६.९८ |
| सिङ्गापुर डलर | १ को | १००.७१ | १०१.१६ |
| जापानी येन | १० को | ८.७५ | ८.७९ |
| चिनियाँ युआन | १ को | १८.६३ | १८.७१ |
| साउदी अरब रियाल | १ को | ३५.८७ | ३६.०३ |
| कतारी रियाल | १ को | ३६.९७ | ३७.१३ |
| थाई भाट | १ को | ३.८७ | ३.८९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.६८ | ३६.८५ |
| मलेसियन रिङेट | १ को | ३०.३७ | ३०.५० |
| दक्षिण कोरियन वन | १०० को | ९.५८ | ९.६३ |
| स्विडिस क्रोनर | १ को | १२.३९ | १२.४५ |
| डेनिस क्रोनर | १ को | १९.२० | १९.२९ |
| हङकङ डलर | १ को | १७.३२ | १७.४० |
| कुवेती दिनार | १ को | ४३८.३५ | ४४०.३० |
| बहराइन दिनार | १ को | ३५७.४६ | ३५९.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**भक्तपुर दरबार क्षेत्रमा पर्यटक** | विश्वसम्पदा सूचीमा सूचीकृत भक्तपुर दरबार क्षेत्रमा शनिबार घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटक । *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# अन्नपूर्ण आधार शिविर र पदमार्गमा सरसफाइ

**म्याग्दी–** अन्नपूर्ण गाउँपालिका-४ मा रहेको मौरिस हर्जोग पदमार्ग र संसारको १०औं अग्लो अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा सरसफाइ गरिएको छ । अन्नपूर्ण गाउँपालिका-५ शिखको न्यु कान्छी बाराही युवा क्लबका नौ जना र वडा नम्बर-४ गाडपारको जनगारण युवा क्लबका १२ जनाको टोलीले आधार शिविर र नारच्याङको हुमखोलादेखि त्यहाँसम्म पुग्ने पदमार्गमा पर्यटकले फालेको फोहोर व्यवस्थापन गरेका हुन् ।

कुहिने फोहोरलाई खाडल खनेर गाड्ने र नकुहिने फोहोरलाई संकलन गरी केही तल ल्याएर व्यवस्थापन गरिएको कार्यक्रमको अगुवाइ गरेका एसई प्रोडक्सनका सञ्चालक सुरेन गुरुङले जानकारी दिए । गत कात्तिक २७ गते आधार शिविर पुगेको टोलीले संकलन गरेर ल्याएको तीन बोरा सिसाजन्य फोहोर शुक्रबार गाउँपालिकामा बुझाएको थियो ।

मौरिस हर्जोग पदमार्गको हुमखोला, फुतफुते झरना र आधार शिविरमा जानकारी दिने सूचना बोर्ड राखिएको छ । सरसफाइ र सूचना बोर्ड राख्न अन्नपूर्ण गाउँपालिका-७ घराम्दी घर भई हाल बेलायतमा रहेका धनकुमार पाइजाले एक लाख रूपैयाँभन्दा बढी सहयोग गरेको छ ।

'पदमार्ग र आधार शिविरमा प्लास्टिक, कागज, कपडा, स्टिल र सिसाले फोहोर भएको थियो,' उनले भने, 'यहाँको सुन्दरतालाई असर पर्न नदिन कुहिने फोहोरलाई खाडलमा गाड्ने र नकुहिनेलाई बोकेर तल झारेका छौं ।' रेखा मेमोरियल ट्रष्टको सहयोगमा फुतफुते झरना र आधार शिविरमा दुई थान डस्टबिन पनि राखिएको गुरुङले जानकारी दिए ।

यसअघि पाइजाको सहयोगमा घराम्दीको पेरीभारानी युवा क्लबको १९ जनाको टोलीले गत असोजको तेस्रो साता र अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका वडासदस्य श्याम पुर्जाको अगुवाइमा कात्तिक पहिलो हप्ता सरसफाइ गरिएको थियो । अस्ट्रेलियामा रहेकी रघुगंगा गाउँपालिका-१ बेगकी ललिता शेर पुञ्जाको अगुवाइमा हालै फुतफुते झरना नजिकैको आश्रयस्थलमा सार्वजनिक शौचालय निर्माण भएको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको आरोहण आधार शिविर आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ ।

अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीका अनुसार यस शरदयाममा करिब पाँच हजार जना आन्तरिक पर्यटक अन्नपूर्ण आधार शिविरको भ्रमणमा गएका छन् । मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ ।

अन्नपूर्ण हिमालको फेदीमा रहेको नीलो रङको पञ्चकुण्ड ताल आधार शिविरको आकर्षण हो । तीन दिनको छोटो अवधिमा साहासिक पदयात्रा गर्न सकिने भएकाले पर्यटकको रोजाइमा अन्नपूर्ण आधार शिविर परेको हो । होटल तथा लजको सुविधा नभएको मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आरोहण शिविरमा जानेहरूले खाना, खाजा, भाँडाकुँडा, ग्यास, लत्ताकपडाको आफैं जोहो गर्नुपर्छ । *रासस*

# मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना

**राजविराज (प्रस)–** स्थानीय तह उपनिर्वाचनका लागि सप्तरीको डाक्नेश्वरी नगरपालिकामा शनिबार मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । यही मंसिर १६ गते हुने उपनिर्वाचनका लागि डाक्नेश्वरीका वडा नम्बर १ र ४ मा वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदै छ ।

एक कार्यक्रमका बीच मुख्य निर्वाचन अधिकृत दीपक दाहालले मुख्य निर्वाचन अधिकृतको कार्यालय उद्घाटन गरे । नगरपालिका कार्यालयको भवनमा कार्यालय स्थापना गरिएको हो । सो क्रममा उनले उपनिर्वाचनलाई शान्तिपूर्ण र सफल बनाउन सबैसँग अनुरोध गरे ।

साथै निष्पक्ष तरिकाले निर्वाचन सम्पन्न गराउन आचारसंहिताको पालना सबैले गर्नुपर्ने उनले उल्लेख गरे । सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालको नेतृत्वमा प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडा, सशस्त्र प्रहरी उपरीक्षक ज्ञानमणि पौडेल, राष्ट्रिय अनुसन्धान प्रमुख सुरेन्द्र कोइरालालगायतले जिल्ला निर्वाचन कार्यालयका प्रतिनिधिहरूले मुख्य निर्वाचन अधिकृतको कार्यालय र मतदान केन्द्रको निरीक्षण तथा अनुगमन गरेका थिए ।

पृष्ठ १ बाट क्रमशः

## मुस्ताङको स्याउ...

स्थानीयवासीले स्याउको व्यापारसँगै यसबाट रक्सीसमेत बनाउन थालेका छन् । मुस्ताङमा पछिल्ला वर्षमा स्याउ खेतीतर्फ किसानको आकर्षण बढिरहेको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख राजेश गुरुङले जानकारी दिए । उनका अनुसार मुस्ताङमा कूल ८९० हेक्टर क्षेत्रफलमा स्याउको खेती भइरहेकामा ६१६ हेक्टरमा स्याउको उत्पादन भइरहेको छ । जिल्लामा गत वर्ष ९१ करोड ८६ लाख रूपैयाँको स्याउ बिक्री भएकामा त्यसको ९० प्रतिशत जिल्लाबाहिर बिक्री भएको थियो ।

जिल्लामा रेड डेलिसियस, रोयल डेलिसियस, गोल्डेन डेलिसयस, रिचा रेड डेलिसियस, फुजीजस्ता स्थानीय जातका स्याउका साथै उन्नत जातका माला मेमा, रेड डेलिसियस किङरोट, फुजी के कु फुब्रिक्स, गोल्डेन मेमा डेलिसियस स्याउको खेती गरिएको छ । पछिल्ला वर्षमा स्याउको उत्पादन ३० देखि ३५ प्रतिशतले वृद्धि भएको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख गुरुङले जानकारी दिए ।

'पछिल्लो समय किसान उच्च घनत्व प्रविधिमा स्याउ लगाउन आकर्षित बनेका छन्,' उनले भने । कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ, शीतोष्ण बागबानी विकास केन्द्रमार्फत तथा स्थानीय तहको समन्वयमा यसमा लाग्ने रोगकिरा व्यवस्थापनलाई प्राथमिकता दिएपछि स्याउको उत्पादन बढ्दै गएको प्रमुख गुरुङको भनाइ छ ।

केही वर्षयता तापक्रम बढ्दा पनि मुस्ताङका उपल्ला भूभागमा स्याउ खेती बढ्दै गएको स्थानीयवासी बताउँछन् । मुस्ताङका टुकुचे, मार्फा, जोमसोम, ठिनी, खिंगा, छुसाङ, कागबेनीलगायतका स्थानमा स्याउको व्यावसायिक खेती भइरहेको छ । विशेषतः मुस्ताङमा स्थानीय प्रजातिभन्दा पर्याप्त उत्पादन हुने प्रजातिका स्याउ लगाउन थालिएको ठिनीका निरज थकालीले बताए ।

स्याउको उत्पादन बढेपछि उवा, फापरलगायत रैथाने बाली लगाउन छाडिएको छ । 'स्याउको उत्पादन बढ्दै जान थालेपछि रैथाने बाली लगाउने ठाउँमा किसानले स्याउ लागाउन थालेका छन्,' थकालीले भने, 'हिमाली क्षेत्रमा खेतीयोग्य जमिन कम हुने भएकाले थोरै जमिनमा कुन खेती गर्दा अधिकतम फाइदा हुन्छ त्यसतर्फ किसान लाग्ने गरेका छन् ।' बगैँचाबाट स्याउ प्रतिकिलो १५० रूपैयाँमा बिक्री भइरहेको थकालीले जानकारी दिए । 'बजारमा यहाँको स्याउको माग बढ्दो छ । तर मागअनुसार उत्पादन हुनसकेको छैन,' उनले भने, 'यस वर्ष उत्पादन सकिएको छ, तर माग उत्तिकै छ ।'

स्थानीय जातको स्याउले लगाएको सात र आठ वर्षमा मात्र फल दिने गर्दछ भने हाइडेन्सिटी प्रविधिबाट लगाइएको बिरुवाले दुई-तीन वर्षपछि नै फल दिने गरेका कारण यसतर्फ किसानको आकर्षण बढेको हो । सामान्यतः स्याउ चैत र वैशाखमा फुल्ने, जेठमा फल लाग्ने गर्दछ भने भदौको दोस्रो सातापछि पाक्ने र बजारमा जाने क्रम सुरु हुन्छ । *रासस*

# ६०१ हप्ता सफाइ गर्दा पनि बागमतीको अवस्था उस्तै

**काठमाडौं (प्रस)–** 'राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ सुरु भएको बागमती सफाइ महाअभियान ६०१ हप्ता प्रवेश गरे पनि काठमाडौं उपत्यकाका नदीनाला भने सफा हुन सकेको छैन ।

२०७० जेठ ५ गते सुरु भएको बागमती सफाइ महाअभियान प्रत्येक हप्ताको शनिबार निरन्तर बागमती किनारमा सफाइ हुँदै आएको छ । जति सफाइ गरे पनि बागमती सफा नदेखिएपछि 'हिँड्दै छ, पाइला मेट्दै छ' भनेर पनि कतिले यो महाअभियानलाई व्यंग्य गर्ने गरेका छन् ।

सुरुआती चरणदेखि महाअभियानमा जुटेका अभियानकर्मी किशोरसिंह शाही ढलको व्यवस्था नगरी सीधै फोहोर पानी नदीमा हाल्दा जति सफाइ गरे पनि बागमती सफा देखिन नसकेको बताउँछन् । बागमतीको मुहानदेखिकै स्थानीय सरकारले माथिल्लो भेगबाटै आउने फोहोर अझै व्यवस्थापन गर्न नसक्नु, पशुपति क्षेत्रको आर्यघाटबाट निस्कने फोहोरलाई अझै पशुपति क्षेत्र विकास कोषले व्यवस्थापन नगर्नु र फोहोर पानी प्रशोधन केन्द्रले राम्रोसँग काम नगर्नुजस्ता कारणले अझै बागमती सफाइ हुन नसकेको उनको निष्कर्ष छ । महाअभियान नागरिकस्तरबाट सुरु गरी जागरण गर्दा पनि स्थानीय सरकारले फोहोर व्यवस्थापनमा चासो नदेखाउँदा प्रभावकारी सफाइ हुन सकेको छैन ।

सफाइ अभियानकर्मी चक्रबहादुर चन्द १२ वर्षअघिको अवस्थाबाट बागमतीमा सफाइको अवस्थामा सुधार गर्न सकिए पनि आशातीत काम भने हुन नसकेको बताउँछन् । ढलमुक्त गराउन भने सरकारले नसकेको उनले स्वीकार गरे । अधिकार सम्पन्न बागमती समितिले एक वर्षमा गुह्येश्वरीसम्म ढलमुक्त गर्ने प्रतिबद्धता जनाएको बताए । समितिले गुह्येश्वरीसम्मका छ ठाउँमा ढल मिसिइरहेकामा तीन ठाउँमा बन्द गराइसकेको जनाइएको छ ।

बागमती सफाइ महाअभियानको ६०१ हप्ताको शनिबारको सफाइ काठमाडौं महानगरपालिका-३१ स्थित आलोकनगरमा गरिएको थियो । बागमती सफाइ अभियानकर्मीको समूहले गरेको सफाइसँगै शनिबार त्यस क्षेत्रका बागमती किनारमा रोपिएका बोटबिरुवा गोड्मेल पनि गरिएको थियो । बागमती नदीबाट नकुहिने फोहोर पनि व्यवस्थापन गरिएको सफाइ महाअभियानले जनाएको छ ।

## Shuklaphanta Municipality
### Office of Municipal Executive
**Jhalaari, Kanchanpur**
**Sudurpaschim Pradesh**

## Invitation for Bids

*(First Date of Publication: 2081/08/02 [2024-11-17])*

| Contract ID | Project Description | Estimated Amount (Without VAT Contingency including PS) (NRs.) | Bid Bond Security, 120 days Validity (NRs.) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/ 081-82/ NCB/ BTR/16 | Black top construction road Kaluwapur Belauri sadak khand dekhi ward no.1 hudai ward no.12 ko simaanaa samm jodne sadak shuklaphanta-1 madhyamaarg | 1,30,53,251.30 | 3,59,000.00 | 2081/09/03 (2024-Dec- 18) 12:00 PM | 2081/09/03 (2024-Dec- 18) 13:00 PM |

| Cost of bidding document: Rs.3000 should be deposited at: | Bid Bond Security amount should be deposited at: |
|---|---|
| • Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>• Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA<br>• Office Account No.: 05910106200002 | • Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur<br>• Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA<br>• Office Account No.: 05910106200016 |

## अजिरकोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**भच्चेक, गोरखा**

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०२ गते**

यस अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरूमा देहाय अनुसारको पदमा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० बमोजिम खुल्ला प्रतिस्पर्धाबाट सेवा करारको माध्यमबाट पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण सहित अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा राजश्व बुझाएको रसिद सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय**

१. **माग गरिएका पदहरू :**

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १०/२०८१-०८२ | **क.मेडिकल जनरलिष्ट** | **नवौं** | १ | एम.डि.जि.पि.विषयमा स्नातकोत्तर उत्तिर्ण भई मेडिकल काउन्सिलमा दर्ता भएको | आन्तरिक श्रोततर्फ |
| २ | ११/ २०८१-०८२ | **फिजियो थेरेपि असिस्टेण्ट** | **सहायकस्तर पाँचौ** | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्ताबाट फिजियोथेरेपि असिस्टेण्ट कोर्ष उत्तिर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको | आन्तरिक श्रोततर्फ |
| ३ | १२/२०८१-०८२ | रेडियोग्राफर | **सहायकस्तर पाँचौ** | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्ताबाट रेडियोग्राफर असिस्टेण्ट असिस्टेण्ट कोर्ष उत्तिर्ण भई नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको | आन्तरिक श्रोततर्फ |
| ४ | १३/ २०८१-०८२ | अ.हे.व. | **सहायकस्तर चौथो** | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कमतिमा अ.हे.व. वा सि.एम.ए कोर्ष उत्तिर्ण गरेको, नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको | आन्तरिक श्रोततर्फ |
| ५ | ७/२०८१-०८२ | **कृषि** ना. प्र.स | **सहायकस्तर चौथो** | १ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा टि.एस.एल.सी./ टि.एस.ई.ई. उत्तिर्ण गरी (विषय **कृषि** ) वा सो भन्दा मथिल्लो तह ) | आन्तरिक श्रोततर्फ |

२. **दरखास्त दिने स्थान (सबै पदको लागि)** : अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा ।
३. **दरखास्त दिने अन्तिम मिति (सबै पदको लागि)** : २०८१/०८/१६ गते कार्यालय समयसम्म ।
४. **आवेदन दस्तुर** :- अधिकृत छठौं वा सो भन्दा माथि स्तर रु.१०००/-(रु. एक हजार मात्र), पाँचौ तह :- रु ६००/-(रु. छ सय मात्र), चौथो तह :- रु ५००/-(रु. पाँच सय मात्र),
५. **छनौटको किसिम : सबै पदको लागि** - प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता ।
६. **आवेदनमा संलग्न कागजातहरू (सबै पदको लागि)** : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरू
   क. नागरिकता
   ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग. चारित्रिक प्रमाणपत्र
   घ. काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
   ङ. ३ प्रति पासपोर्ट साइजको फोटो
   च. सम्बन्धित पदको लागी सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्र
   छ. स्वास्थ्य सेवाको हकमा उमेरको हद १८ वर्ष पुरा भई ४४ वर्ष ननाघेको
७. **सेवा सुविधा तथा अन्य** : नेपाल सरकारलेतोकेको सेवा सुविधा सरह वा गाउँपालिकाको सम्झौता बमोजिम
८. **आवेदनको ढाँचा तथा अन्य जानकारी** : अजिरकोट गाउँपालिकाको वेवसाइट धधध।बवष्चपयतकगल।नयख।लउ र अजिरकोट गााउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
९. **परिक्षा मितिः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै तोकिनेछ ।

**- प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### विद्युत् व्यापारमा ऐतिहासिक फड्को

'गरे के हुँदैन ?' भन्ने उदाहरण बन्दै छ मुलुकको विद्युत् क्षेत्र । शुक्रबार बंगलादेशमा विद्युत् निर्यातको शुभारम्भ गरेसँगै यो क्षेत्रले ठूलो आशा जगाएको छ । नेपाल विद्युत् प्राधिकरणका अनुसार शुक्रबार ११ घण्टामा ४० मेगावाट विद्युत् बंगलादेशमा सफलतापूर्वक निर्यात गरिएको हो । बंगलादेशलाई विद्युत् निर्यात गरेको दिन कात्तिक ३० गते शुक्रबार मुलुकको लागि ऐतिहासिक दिन हो । किनभने केही वर्षअघिसम्म मात्र मुलुक लोडसेडिङको चरम अवस्था बेहोर्न बाध्य थियो । भारतबाट विद्युत् आयात गरेर पनि माग धान्नसक्ने अवस्था थिएन । दैनिक १८ घण्टाभन्दा बढी लोडसेडिङ बेहोरेका नेपाली जनता अहिले बिजुली बेच्न थालेको, त्यो पनि तेस्रो मुलुकमा भन्ने सुन्दा अचम्मित हुनु स्वाभाविक हो । यद्यपि, भारतमा यसअघि नै बिजुली निर्यात गर्दै आएको हो । भारतकै प्रसारणलाइनमार्फत बंगलादेशलाई नेपालको बिजुली निर्यात सुरु हुनु पक्कै पनि ऐतिहासिक अवसर हो ।

विद्युत् व्यापारमा यो ऐतिहासिक फड्को मार्ने काम सहजै भएको भने होइन । यसमा छिमेकी मुलुक भारतको सहयोगलाई सम्मान गर्नैपर्छ । किनकि, सीमा नजोडिएको बंगलादेशलाई बिजुली बेच्न भारतको भूमिबाहेक विकल्प छैन । भारतले आफ्नो प्रसारणलाइनमार्फत बिजुली बंगलादेश पठाउन दिएको सहमतिले छिमेकीप्रति उसको उदारताको रुपमा लिन सकिन्छ ।

यो कार्य सम्भव तुल्याउन विगत छ वर्षदेखि नेपालले निरन्तर प्रयास गर्दै आएको हो । बंगलादेशमा विद्युत् निर्यात भारतको केन्द्रीय विद्युत् प्राधिकरणले अनुमति दिएसँगै सम्भव भएको हो । नेपाल, बंगलादेश र भारतबीच गत १७ असोजमा त्रिपक्षीय विद्युत् व्यापार सम्झौता भएको थियो । सोहीअनुसार शुक्रबार ११ घण्टा विद्युत् बंगलादेशलाई निर्यात गर्दा नेपालले ३८ लाख ३२ हजार रुपैयाँ आम्दानी गरेको प्राधिकरणले जनाएको छ ।

बंगलादेशमा निर्यात गरिएको विद्युत् २५ मेगावाटको त्रिशूली जलविद्युत् आयोजना र २२ मेगावाटको चिलिमे जलविद्युत् आयोजनाबाट हो । प्रतियुनिट ६.४० अमेरिकी सेन्टका दरले पाँच महिनामा ९२ लाख १६ हजार अमेरिकी डलर आम्दानी हुन्छ, त्यो भनेको दुई अर्ब रुपैयाँ हो । नेपालले बंगलादेशलाई विद्युत् बेच्ने भनेको हरेक वर्षको जुन १५ देखि नोभेम्बर १५ सम्म हो । अर्थात् नेपालको विद्युत् हरेक वर्षायाममा मात्रै बंगलादेश निर्यात हुने छ, त्यो पनि पाँच वर्षसम्म हो ।

प्राधिकरणका अनुसार हिउँदयाममा भने नेपालकै आन्तरिक माग धानिँदैन । त्यसका लागि भारतबाट आवश्यक विद्युत् आयात गर्नुपर्ने अवस्था छ । वर्षायाममा भने आवश्यकताभन्दा बढी विद्युत् उत्पादन हुने हुनाले तेस्रो देशमा निर्यात थालिएको हो । अहिले थुप्रै विद्युत् आयोजनाहरु निर्माणाधीन छन् । केही सम्पन्न हुने क्रममा भएकोले निरन्तर विद्युत् निर्यात हुने आशा गर्न सकिन्छ । एक पटक निर्यात गरेर खुसी मनाउने मात्रै होइन, यसलाई निरन्तरता दिँदै निर्यातको मात्रा बढाउन सके आर्थिक समृद्धिको सपना साकार हुने निश्चित छ ।

## मनन्योग्य

### चाणक्य नीति

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पाएकाले आचार्यहरू र विद्यार्थीहरूको अध्ययन-अध्यापन बन्द गरायो । राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्यार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्ति सम्पन्न राज्य हो ।

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए । क्रमशः

# भक्तपुर दरबार क्षेत्रका सम्पदा चिनाउन महोत्सव



■ पदम श्रेष्ठ

भक्तपुरलाई ने.सं. ५७९ कालीन राजा यक्ष मल्लले पुनर्उत्थान गरेको उल्लेख छ । जुन नगरलाई पर्यटीयस्थलको रूपमा प्रवर्द्धन गर्ने लक्ष्यसहित यही मंसिर २८ गतेदेखि पुस २ गतेसम्म पाँचदिने भक्तपुर महोत्सव गरी जगाउँदै लाने भएको छ । नेपालको इतिहासमा नै पर्यटन शुल्क उठाएर पुर्खाको सिर्जना कला, संस्कृतिलाई प्रवर्द्धन गर्दै आइरहेको भक्तपुर नगरपालिकाको आयोजनामा हुने महोत्सवमा स्थानीय कला संस्कृति, हस्तकलाका उत्पादन, खानपान, पहिरन, नाचगान आदि प्रस्तुत गरिने छ ।

■■■

किराँतकालमा खोप्रिङ, नेपाल भाषामा ख्वप र राणाकालमा भादगाउँ भनिने 'भक्तपुर' काठमाडौंबाट १४ किलोमिटर पूर्वमा पर्दछ । तिब्बती-बर्मेली भाषामा 'खो' अथवा 'खु' को अर्थ खोला र 'प्रिङ'को अर्थ खेत हो । खोलाको खेत अर्थात् उत्तर खासाङखुसुङ र दक्षिण तव्याखुसी नदी बीचको नगर भक्तपुर, ६.८८ वर्ग किलोमिटरमा फैलिएको छ । ने.सं. २६७ कालीन राजा आनन्ददेवले १२ हजार घरसहित भक्तपुर बसाउँदा ६० गाउँ र सात नगर थिए रे । जसको राजदरबार हालको, त्रिपुर युथुनियम थियो । देवीको आज्ञानुसार नगरको चारैतिर ब्रह्मायणी, माहेश्वरी, कुमारी, भद्रकाली, बाराही, ईन्द्रायणी, महांकाल, महालक्ष्मी देवगण जगाउन व्यवस्थित द्योछेंसहित नगर निर्माण भएको विश्वास गरिन्छ ।

कहिले खस मल्ल शासकहरूले त कहिले ने.सं. ४७० मा मुस्लिम सुल्तान समसुद्दिनले आक्रमण गरी ठाउँ-ठाउँमा ध्वस्त बनाइदिएको भक्तपुरलाई ने.सं. ५७९ कालीन राजा यक्ष मल्लले पुनर्उत्थान गरेको उल्लेख छ । जुन नगरलाई पर्यटीयस्थलको रूपमा प्रवर्द्धन गर्ने लक्ष्यसहित यही मंसिर २८ गतेदेखि पुस २ गतेसम्म पाँचदिने भक्तपुर महोत्सव गरी जगाउँदै लाने भएको छ । नेपालको इतिहासमा नै पर्यटन शुल्क उठाएर पुर्खाको सिर्जना कला, संस्कृतिलाई प्रवर्द्धन गर्दै आइरहेको भक्तपुर नगरपालिकाको आयोजनामा हुने महोत्सवमा स्थानीय कला संस्कृति, हस्तकलाका उत्पादन, खानपान, पहिरन, नाचगान आदि प्रस्तुत गरिने छ । आन्तरिक तथा बाहय पर्यटकहरूलाई भक्तपुर महोत्सवमार्फत तथ्य जानकारी दिँदै लगिने बताइएको छ । भक्तपुर भन्नासाथ चाँगुनारायण, नगरकोट ल्हासापाकोदेखि सूर्यविनायकसम्मलाई लिइन्छ तर यो महोत्सव भक्तपुर नगरपालिकाभित्र केन्द्रित हुने जनाइएको छ । जहाँ भैरव भगवती, कृष्णनारायण शिवशक्ति मन्दिर, यक्षेश्वर पशुपति महादेव, संकटकालीन खिचाखो गं र वत्सलादेवीका ऐतिहासिक मन्दिरहरू पाउन सकिन्छ ।

## च्यासिं फल्चा, ५५ झ्याले दरबार र लुँ ध्वाखा

भक्तपुरका महत्त्वाकांक्षी राजा भूपतिन्द्र मल्लका कीर्तिमध्ये ५५ झ्याले दरबार ने.सं. ८२७ वैशाखमा निर्माण सम्पन्न गरे । राजा यक्ष मल्लले जग हाली अधुरै छाडेको ५५ झ्याले दरबारलाई राजा भूपतिन्द्र मल्लले पूरा मात्र गरेनन्, दरबारमा आफ्नै ढुंगे सालिक स्तम्भ राखे । दरबार अगाडि च्यासिंफल्चा आठकुने दुईतले प्यागोडा शैलीयुक्त पाटी निर्माण गराए । साथै, दरबारभित्रका ९९ वटा चोकलाई व्यवस्थित गरे । चोकमा देवीदेवताका मन्दिरसमेत बनाइदिए । तर, हाल दरबारभित्र मुस्किलले १० वटा चोकमात्र बाँकी छन् ।

भक्तपुर संग्रहालय र ५५ झ्याले दरबारबीचको लुँ ध्वाखा (सुवर्णद्वार) यहाँका कीर्तिमध्येमा ने.सं. ८७३ मा राजा रणजित मल्लद्वारा निर्मित मानिन्छ । तीन गजुरयुक्त ध्वाखामा नेपाली झण्डा, देवी, उड्ने सिंह हात्ती, तोरण कुँदिएका छन् । स्वर्ण लुँध्वाखाबाट भित्र राजा यक्ष मल्लद्वारा निर्मित मूलचोक सुन्धारा, दायाँ भैरवचोक, बायाँ कुमारीचोक ढुंगे आसन नागसहितको छ । ने.सं. ४४३ मा गयासुद्दिन तुगलकले सिम्रौनगढ आक्रमण गर्दा राजा हरिसिंह देवले नेपाल ल्याएको तुलजा भक्तपुर दरबारभित्र प्रतिस्थापित छ । राजा रूद्र मल्लकी बहिनी देवलदेवी सिम्रौनगढका नायरवंशी राजा हरिसिंह देवकी रानी थिइन् । तलेजु ढुंगे चोकमा भुइँतले १३ गजुरयुक्त छ ।

## भक्तपुर संग्रहालय, गणेश हनुमान र फसिदेग

मल्लकालीन राजदरबारभित्र राणाकालको भक्तपुर संग्रहालयमा ११ देखि २०औं शताब्दीका थांकाचित्र लिपि, काष्ठ धातुकला छन् । ने.सं. ८१८ मा निर्मित संग्रहालय राजा महेन्द्रबाट प्रवर्द्धित हो । राजा जितामित्र मल्ल-भूपतिन्द्र मल्लको राज्यकालमा निर्मित शिखर भगवती मन्दिरको सिँढीपिच्छे मानिस, गैंडा, हात्तीका मूर्ति छन् । त्यसैगरी ने.सं. १०५ मा जीर्णोद्वार भएको फसिदेगल पाँचतले आधारमा निर्मित सिँढीमा तीनजोडी ढुंगेमूर्ति छन् । फसिदेगलबाट युथुनियम दरबारको भग्नावशेष त्रिपुरा सुन्दरी र वलाखु गणेश छ ।

## न्यातपोल (पाँचतले) देगल र काशी विश्वनाथ

'दि'दिव्य र 'गु' गुहयतन्त्रअनुरूप ने.सं. ८२२ मा भक्तपुरका राजा भूपतिन्द्र मल्लद्वारा स्थापित पाँचतले महालक्ष्मी मन्दिर नै न्यातपोल हो । राजा रणजित मल्लद्वारा ने.सं. ८५६ मा नियुक्त पूजारी त्रिपुरका जयधर कर्माचार्यका वंशजबाहेक न्यातपोलमा कोही पनि प्रवेश गर्न पाइँदैन । मन्दिरभित्र छ फिट अग्लो बेतालमाथि विराजमान भएकी देवीको भव्यमूर्तिको कृतिहरूमा उल्लेख छ । अष्टभुजाकार १८ हाते, नौ टाउके महालक्ष्मी प्रतिमाको दायाँबायाँ मसान भैरव र महाकाल भैरव छन् । देवीको माथिल्लो टाउको चण्डी भद्रकाली, बीचमा तीन टाउको त्रिवस्त्रा प्रत्यांगिरा र तल्लो पाँचवटा टाउको सिद्धिलक्ष्मी भएको भक्तपुरको पाँचतले मन्दिर परिचयमा उल्लेख छ । छाना र पेटी पनि पाँचै तह रहेकाले न्यातपोललाई पाँच कर्मेन्द्रीय र पाँच ज्ञानेन्द्रीय गरी १० इन्द्रीययुक्त मन्दिर कला भएको विश्वास गरिन्छ । ३३ कोटी देवी-देवताका प्रतीक ३३ वटा सिद्धि, सगुनको प्रतिकृति १०८ वटा फय्गं (हावा घण्टी)टुँडालले सजिएको मन्दिरको ढुंगे सिँढीको दायाँबायाँ सर्वसाधारणभन्दा १० गुणा बलिया मानव सिकुँचा र फिकुँचा तथा हात्तीभन्दा १० गुणा बलिया ढुंगाकै सिंह र सार्दुल, सार्दुलभन्दा बलियो सिंहिनी र व्याघ्रिनीका मूर्ति छन् । हरेक पक्ष पाँच संयोजनयुक्त न्यातपोल मन्दिरको वरिपरि पाँचवटै छन् ।

## काशी विश्वनाथ भैरव

काशी, जगन्नाथ, बद्री, केदार चारधाम ८४ अड्डा तीर्थपछि शिरधाम पशुपति दर्शन नगरे तीर्थ पूरा भएको मानिँदैन । त्यसैगरी, जगन्नाथ दर्शनपश्चात् भक्तपुरको विश्वनाथ भैरवको । किंवदन्तीअनुसार काशी विश्वनाथ लिंगो उभ्याउने जात्रा हेर्न भक्तपुरको योसिंख्यो पुग्दा तान्त्रिकले विश्वनाथलाई पासुकाले बाँधिदिए तर फुत्किएर अलप हुन खोज्दा टाउको नै छेदन गरी नेपाल नै राखे भन्ने छ । तर, जंगमहरू भन्छन्- मुगलद्वारा काशी नरेशलाई कब्जामा लिई विश्वनाथमा मस्जिद बनाएपछि शिवलिंग नेपाल ल्याई स्थापित गरे । राजा यक्ष मल्लले शैवमत उत्थान गर्न काशी नरेशसँग कुरा गरी टौमढीमा जंगम जातिलाई बसोबास गराई बिस्केट जात्रामा भैरव भद्रकालीको जात्रा चलाएको दाबी छ । ने.सं ६९२ मा राजा विश्व मल्लले कुलदेवता वीरभद्र स्थापना गराउनुले उक्त भनाइलाई प्रमाणित गर्दछ । ने.सं. ७५० मा राजा जगतज्योति मल्लले भुइँतले निर्मित काशी विश्वनाथको मन्दिरलाई ने.सं. ८३८ मा राजा भूपतिन्द्र मल्लले तीनतले प्यागोडाशैली बनाए । ने.सं. ७२६-का राजा जगतज्योति मल्लले रथयात्रा गराए ।

## तील माधवनारायण मन्दिर

न्यातपोल र काशी विश्वनाथ छेउको मन्दिर हो, तील माधवनारायण । ने.सं. ५६० का राजा यक्ष मल्लद्वारा स्थापित दुईतले धातुछाने प्यागोडाशैलीमा छ । सिंगमरमर विष्णु मूर्तिले सजिएको मन्दिरमा शंख, चक्र, गरूड ढुंगे स्तम्भ छ ।

## चतुब्रह्म महाविहार (त:धंछें बहा:)

राजगुरुजुको बासस्थल पद्मपाणि लोकेश्वरको चतुब्रह्म महाविहारलाई लायकू बहाः भनियो । जीवित देवी कुमारी विहारबाट मंसिर कृष्णपञ्चमीका दिन दिपंकर बुद्ध निकाली देश परिक्रमा गराइन्छ । ने.सं. ८७३ शिलालेखको चतुर्ब्रह्म महाविहारको प्रवेशद्वार तोरण टुँडाल २४ लोकेश्वरयुक्त छ । आख्यानुसार ने.सं. ६३० मा राजा राय मल्लले गुरूजु बस्न नमानेपछि तक्षे बहाल असनका सुरतवज्रका छोरा जीवचन्द्रलाई भक्तपुर लगिएको १६ विहारमध्ये एक हो ।

## योसिंख्यो र ऐतिहासिक चुपीघाट

इ.सं. ८३५ भक्तपुर देश रक्षार्थ स्थापित अष्टमातृका पीठमध्ये भद्रकाली पीठ नै योसिंख्यो हो । जहाँ विक्रमको नयाँ वर्षको एक दिन अगाडि नाग-नागिनीको पताकासहित ५१ हाते योसिंलिङो उठाइ वैशाख १ गते ढाल्ने गरिन्छ ।

झिंगटीको छाना र ढुंगा छापेको चोक जहाँ छुमांगणेशको आज्ञामा छालिङवासी सूर्यवंशी राजाले जंगल नाग-नागिनी हत्याको खुसियालीस्वरूप लिंगो उठाउने पर्व थालेको बताइन्छ । आठ दिन आठ रात मनाइने भक्तपुरको बिस्केट जात्रा योसिंख्योबाटै बग्ने हनुमन्ते नदीको संगमलाई चुपीघाट भनिन्छ ।

## भक्तपुरकी आस्थादेवी नवदुर्गादेखि ब्रह्मायणीसम्म

राजा आनन्द मल्लले भक्तपुरलाई व्यवस्थित गर्दा देश रक्षार्थ स्थापित अष्टमातृकामध्ये एक हो, ब्रह्मायणी पीठ । दसैंको नवमीको दिन नवदुर्गा मन्दिरबाट निकालिएको खम्मय् (राँगो)लाई जनसमुदायले लखेट्दा लखेट्दै पीठमा बध गरी मासु प्रसाद बाँडिन्छ भने हड्डीको अस्थीपञ्जर खडा गरी भव्य पूजा गर्ने अनौठो परम्परा छ ।

किंवदन्तीअनुसार, एक समय दुई दैत्यले भक्तपुरेलाई ठूलो दुःख दिन थाले छन् । ती दैत्यको संहार गरी नवदुर्गादेवी इथुली फूलबारीमा बस्न थाले छन् । भक्तपुरेको रक्षा गर्दा पनि नवदुर्गाप्रति हेला गरेपछि देवीले मान्छेकै हत्या गर्दै हिँड्न थालि छन् । तान्त्रिक सुन्दर आचाजुलाई पनि देवीले बध गर्न लाग्दा आचाजुले भनेछन् कि, सर्वप्रथम मैले हजुरको पूजा गर्न पाउँ तब मेरो बध गर्नुहोला भनी आज्ञा लिई, देवीलाई तारण हाली पासुकाले बाँधिदिए छन् । यही मौका पारी सुन्दर आचाजुले ती देवीलाई कलमा राखी गोप्य पूजाकोठामा प्रतिस्थापित गराए छन् । श्रीमतीलाई पूजाकोठा नखोल्नू है भनी खोलातिर नुहाउन जाँदा कान्छीचाहिँले कौतुहलवश कोठा खोलेर हेरिछन् । क्रोधित दुर्गाले श्रीमती र सुन्दर आचाजुको हत्या गरेछन् । लगतै अर्का तान्त्रिक शोमराजले स्थिर मन्त्र पढ्दै स्वंग ल्वहंनेर नवदुर्गा शान्तपारी प्रत्येक वर्ष देवीगण नृत्य निकाल्नुपर्ने बताएछन् । राजा सुवर्ण मल्लको पालामा प्रारम्भ, ने.सं. ६२१-६२८ मा नवदुर्गा मन्दिर निर्माणपछि राजा प्राण मल्लले गणनृत्यलाई व्यवस्थित बनाएको र देवीलाई राँगा बलि दिने परम्परा चलाएको विश्वास गरिन्छ । भक्तपुर अधिनस्थ प्राचीन सहर ठिमी, नडे, बोडे, बनेपा, नाला, धुलिखेल, पनौती, टोखा, चपली, देवपाटन, पशुपति, साङ्ला, चुगाउँ, साँखु र १२ वर्षको एकपल्ट हाँडीगाउँमा गणनृत्य लैजाने गरिन्छ ।

किराँती राजा गास्थीका वंशज गथु वनमालाको नेतृत्व र नौ जातका नेवारद्वारा सञ्चालित देवीगण नृत्यमा सुंगुर बलि दिने प्रचलन छ । कथनअनुसार मुस्लिम फौजको आक्रमणबाट देवस्थललाई बचाउन मुसलमानले अति घृणा गर्ने सुंगुर बलि दिने प्रथा बसाएका हुन् । गणनृत्यमा देवीगणले मान्छेको खप्परमा जाँडरक्सी र सुंगुरको काँचो रगत समयबजी मुछेर खाने र प्रसादस्वरूप बाँड्ने गरिन्छ । यदि सो प्रसाद घिन मानी नखाएमा अपसगुन हुने विश्वास गरिन्छ । आगछें भक्तपुरको गछेंमा छ ।

## कमल विनायक

नवदुर्गा नजिक ३० रोपनीको विशाल कमलविनायक पोखरी छ । सिद्धपोखरी, नःपुखुजस्तै पोखरी पूर्व उत्तर कुनामा गणेश मन्दिर र बौद्धचैत्य र विशाल पिपलको रुख छ । माछा पालिएको प्राकृतिक पोखरीको एक कुनामा घाम ताप्न र हावा खान पुग्ने गर्दछन् । यहीबाट नगरकोट, काठमाडौं र ल्हासापाको सरस्वतीस्थानमा पुग्ने बस पाइन्छ ।

## आदिपद्म महाविहार तोमबहा:

भक्तपुर प्रवेशपछि बाकुपति नारायण मन्दिर नजिक आदिपद्म महाविहार पुगिन्छ । तोलाछें चोक स्वयम्भूकृत बौद्ध चैत्य वरिपरि फल्चापाटीबाट भित्र महाविहार छ । संघमा आधारित आदिपद्मलाई तोमबहाः भनिन्छ । गौतमबुद्ध महाविहारमा ने.सं. ५२८ भन्दा पुरानो अभिलेख खासै पाउन नसकिएता पनि भक्तपुरका प्राचीन बुद्धविहार मध्यमा पर्दछ । भक्तपुरका २५ विहारमध्ये प्रमुख तोमबहाःको चोकमा स-साना चैत्य र बहालको ढोका दायाँबायाँ सारिपुत्र मौद्गल्यान भगवान् बुद्धका शिष्यका प्रतिमा छन् । ने.सं. १०५४ मा जीर्णोद्धार भएको खुल्दछ ।

## वाकुपति नारायण र नवदुर्गा

मृतिकाकलाको केन्द्र भक्तपुर तौलाछेंस्थित बाकुपति नारायणमन्दिर धातुकलायुक्त छ । ने.सं. ४७१ र ८०३ को अभिलेख रहेको छ । आख्यानअनुसार तौलाछेंनिवासी भक्त दिनहुँ हिँडेर चाँगुनारायणको दर्शन गरी घर नफर्की पानीसमेत पिउँदैनथे । एकपल्ट सात दिन सात रात पानी परेर रोकिँदै नरोकिएपछि भक्तलाई दुःखबाट मुक्त गर्न भगवान्ले सपनामा भने छन् कि, घर पुगी धान बोकेर हिँड्नू, जुन ठाउँमा सेतो परेवा भारीमाथि बस्न आइपुग्छ त्यहीँ खनेर हेर्नू, म हुने छु । नभन्दै किसानले त्यहीँ खनेर हेर्दा नारायणको मूर्ति फेला पारे छन् । भनिन्छ, कोदालोले नाक ताछिँदा दूध र रगत एकसाथ बगे छ । सोहीस्थानमा दुईतले प्यागोडा शैलीको नारायण स्थापित भए । टुँडालमा विष्णुका १० अवतार चित्रित, धातुका सिंह, घुँडा टेकेका गरूड स्तम्भ छन् । धानको भकारी बोकेर ल्याउँदा उत्पन्न देवतालाई वा धान कु भारीलाई समास गरी वाकुपति भनिए । माघ महिनाभर ब्रह्मायणीघाटमा नुहाएर देश परिक्रमा गर्ने गर्दछन् ।

## ब्रह्मायणी द्योछें

सूर्यमढी नपुग्दै चारतले ब्रह्मायणी द्योछें छ । देवताको गहना र साधना गरिने द्योछेंबाट विस्केटमा मिप्वाजात्रा निकालिन्छ । गठामुगल जात्रा र दसैंमा नवदुर्गाबाट लखेटीलखेटी मारिने राँगाको मासु प्रसाद बाँडिन्छ । माहेश्वरी पीठः नवदुर्गाले पनि मान्नुपर्ने नासःद्योः ने. सं. २८३ मा स्थापित मानिन्छ । त्यसैगरी सिमलाँ बुद्ध, जेलाँ गणेश र नारायण मन्दिर हनुमन्ते खोला नजिक स्थापित ऐतिहासिक सम्पदास्थलहरूमा झट्टापोल नासःद्यो भैरव, श्वेत भैरवः र दत्तात्रय मठ जंगम मठसम्म रहेका छन्, भक्तपुरमा ।

'भक्तपुरको सांस्कृतिक विकासमा जंगम जातिको भूमिका' विशिष्ट छ, ने.सं. ६०० तिर बढ्दो बुद्ध धर्मलाई निस्तेज गरी शैवमतलाई कसरी स्थायी बनाउने भनी राजा यक्ष मल्ल साह्रै चिन्तामा परे । राजाको उद्देश्यलाई साकार पार्दै ने.सं. ६९२ मा राजा विश्व मल्लले भक्तपुरको टौमढीमा जंगम जातिलाई हिन्दूस्तान काशीको विश्वनाथबाट ल्याई जंगम मठमा स्थायी बसाए । सो समयदेखि तौमढीमा जंगम जातिका कुलदेवता वीरभद्र गुठीको व्यवस्था गरी गंगा महारानी, जितामित्र मल्ल, जगज्योति मल्ल र राजा रणजित मल्लले वीरशैवमत्लाई नेपालमा स्थायी बसोबासमात्र गराएनन् कि, जंगम जातिलाई मल्ल राजाको कुल गुरू स्वीकार गरी रावल पदवी दिए ।

## एउटै रूखबाट निर्मित दत्तात्रय

काष्ठकलाको नमूना दत्तात्रय मन्दिर ने.सं. ५४७ मा राजा यक्ष मल्लले निर्माण गरेका हुन् । तर ब्रह्मा, विष्णु र महेश्वरका तीन टाउके एउटै जीउको दत्तात्रयमूर्ति ने.सं. ५९० मा मात्र प्रतिस्थापित मानिन्छ । संसारमा ब्रह्माको मूर्ति कतै छैन भन्ने मान्यतालाई कटौती गर्दै खडा भएको दत्तात्रय काठमाडौंको काष्ठमण्डपजस्तै एउटै रूखबाट निर्मित मानिन्छ । तीन र पाँचतले प्यागोडा शैलीको मन्दिर छानामुनि बार्दलीसहित झिंगटीको छ । मन्दिर अगाडि ढोकामा दुई बढेमानका ढुंगे सिंकुचा र फिंकुचा पहलमान मूर्ति देखिन्छ । मन्दिरभित्र घण्टा र मन्दिरबाहिर अगाडि शंख, चक्र, ढुंगेस्तम्भ ठडिएका छन् । त्यस्तै मन्दिरकै सन्मुख हात जोडिएको ठूलो धातुको गरूड मानव ढुंगे स्तम्भ छ । पशुपतिनाथका गुरू दत्तात्रयमा भाद्रकृष्ण द्वितीय, शिवरात्रि र योम्हरी पूर्णिमाको अघिल्लो दिन मेला लाग्दछ । जहाँ तचपाल भीमसेन, सङ्लाँ गणेश द्योछें र पोखरीका साथ साथ क्वाथण्डौं आजुद्यः बहाः (प्रशन्न शिल महाविहार) रहेका छन् ।

## क्वाथण्डौं आजुध:बहा: (प्रशन्न शिल महाविहार)

क्वाथण्डौं टोलमा अवस्थित दिपंकर बुद्धप्रति समर्पित आजुद्यः (पुर्खा देवता)को आदिबुद्ध विहार भक्तपुरको प्राचीन बुद्धस्थल मानिन्छ । दत्तात्रयबाट नवदुर्गातर्फ लाग्दा उँचो 'क्वाथ'मा तीनतले नेवारी कलायुक्त विहार तिब्बत, भारत, भुटान र बर्मासम्म प्रख्यात् छ । बहालचोकमा ढुंगेधारा बुद्ध चैत्य चिवाःहरू भजनगृहले सजिएको प्रशन्नशील महाविहारको तोरण टुँडालमा पञ्चराक्षदेवी भैरव, पञ्चबुद्ध, चतुर्महाराजा, सप्ताक्षरी, कुटाक्षर अष्टसिद्धि कलाकृतिसहित निर्मित छ । आजुद्योबहा सम्बन्धमा ने.सं. ७५० र ने.सं. ९४४ का अभिलेख छन् । बज्राचार्यहरूका अनुसार विहारमा भेटिएका प्राचीन सम्वत् ने.सं. १९८ को हो । भक्तपुरका १६ प्रमुख महाविहारमध्ये मुख्य क्वाठण्डौ बहाःमा बोडेजात्रा र माघे संक्रान्तिमा विशेष पूजा र मेला लाग्ने गर्दछ । जहाँ आजुद्यःया कचाःबहाः, बां बहाः मञ्जुश्री विहार, महालक्ष्मी मन्दिर पीठ र द्योछे, इष्टदेवी नवदुर्गाको माइतीः, महांकाल पीठ, मच्छी नारां पुखु देग, महांकाल द्योछे पोखरी र अन्य देवी देवताका मन्दिरहरूले ओतप्रोत रहेका छन् ।

## मुलुककै सबैभन्दा ठूलो शिवलिंग, हनुमानघाट

किंवदन्तीअनुसार तव्याखुसी र चखुं खुसीको संगममा हनुमानले पुच्छर गाडेर पानी निकालेको भन्ने कथन छ । यही विश्वासमा हनुमानघाटमा श्राद्धलगायतका कर्मकाण्ड गर्नेको ठूलो भीड लाग्दछ । जहाँ ने.सं. १०५२ मा देवीशंकर मानन्धरद्वारा निर्मित एकतले राम मन्दिर छ । घाटमा बुद्ध, गणेश र नेपालकै विशाल दुई शिवलिंग छन् । दुईमध्ये एउटा राजा भूपतिन्द्र मल्लले ने.सं. ८३८ र अर्को रावल डम्बर जंगमद्वारा स्थापित मानिन्छ । जहाँ पशुपति आर्यघाटजस्तै अन्त्यावस्थामा सहज मृत्युवरण गराउन कान्छाभक्त प्रधानांगको अगुवाइ छ । घाटसम्पदा क्षेत्र वरिपरि पंभो गणेश र मुनिसंघ विहार, (धर्मोत्तर महाविहार) : इनाचो बहाः (इन्द्रपरावर्त महाविहार) र माहेश्वरी द्योछें, माहेश्वरी द्योछें, बांचुत्व शिखर नारायण, भक्तपुर, बौद्ध, वैदिक र मुस्लिमको संयोजनस्थलसमेत मान्न सकिन्छ । जहाँ नमोबुद्ध, गोल्मढी गणेश र राम झोपडी मन्दिर छन् ।

## झौरवही (गोल्मढी दिपंकर विहार)

दिपंकर बुद्धप्रति समर्पित झौरवही, बुद्धत्व प्राप्तिले पुनः यस भवसागरमा जन्म लिइरहनु पर्दैन भन्ने तथ्य प्रवर्द्धन गर्ने विहार हो । बुद्धजस्तै दिपंकर बुद्ध, ककुच्छन्द बुद्ध, कनक बुद्ध, २८ बुद्धमध्ये एक हो ने.सं. ७७० को अभिलेख छ ।

## भक्तपुर जामे मस्जिद

काठमाडौंको पञ्चतकिया र नेपाली जामे मस्जिद ने.सं. ६०४ मा राजा रत्न मल्लद्वारा तान्त्रिक गयासुद्धिन बाबा र रामस्किन बाबालाई प्रदान गरेको जग्गामा निर्माण भए पनि भक्तपुरमा मस्जिद थिएन । अमिन तुलाह भन्छन्- चुरापोते र औषधिको व्यापार गर्दै भारतबाट १५ पुस्ताअघि प्रवेश गरेका मुस्लिमका लागि भक्तपुरको गोल्मढीमा स्थापित जामे मस्जिद इ.सं. १८५७ मा लखनाउमा ब्रिटिस सैनिक विद्रोह हुँदा त्यहाँका बेगम हजरत महलसँग नेपाल आएका मुस्लिम खुडाबक्स र मनुमियांद्वयले स्थापना गराएको तथ्य छ । मस्जिद दुई रोपनी क्षेत्रफलमा स्थापित छ ।

## सुकुलढोका मठ

शैवमतलाई उत्थान गर्न राजा यक्ष मल्लले ने.सं. ५०० तिर दरबार अगाडि यक्षेश्वर महादेवको दुईतले प्यागोडा शैलीको मन्दिर स्थापना र दक्षिण भारत काशी विश्वनाथका लिंगायत जंगम जातिलाई पुजारी राखे । त्यसैबेलादेखि नेपालमा लिंगायत संस्कृतिको विस्तारका साथै नेपाल-भारतबीच आवतजावत सुरू भएको बताइन्छ । ने.सं. ६९२ मा राजा विश्व मल्लले टौमढीमा जंगम मठ र कूलदेवता वीरभद्र स्थापना गराए । भनिन्छ मुगल वादशाहले काशी नरेशलाई कब्जामा लिई विश्वनाथको मन्दिर ध्वस्त बनाउँदा देवलभित्रको मूर्ति जंगम पुजारीले नेपाल ल्याई न्यातपोलसँगै स्थापना गराएका थिए । त्यसैले टौमढी टोलको तीनतले आयताकार भैरव मन्दिरलाई काशी विश्वनाथ भनिएको हो । जंगम मठहरूमध्ये सुकुलढोका मठ ने.सं. ८६४ मा राजा रणजित मल्लद्वारा निर्मित बताइन्छ । काष्ठकला तीनतले मठ अगाडि नेपाल सम्वत्मा सुकुलको ढोका निर्माण गरिन्छ । त्यसैले सो टोललाई सुकुलढोका भनिएको हो ।

गण्डकी प्रदेश महोत्सव

# अवलोककर्ताको रोजाइमा जातीय परम्परागत घर



■ प्रभाव संवाददाता

**नवलपुर (नवलपरासी)–** नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट-२ स्थित नारायणी नदी किनारमा सञ्चालन भइरहेको दोस्रो संस्करणको गण्डकी प्रदेश महोत्सवमा जातीय संस्कृति संरक्षणको प्रयास गरिएको छ । महोत्सवमा नवलपुरमा रहेका विभिन्न आदिवासी जनजातिहरूको मौलिक संस्कृति संरक्षण गर्न उनीहरूको परम्परागत घर नै बनाएर महोत्सव पुग्नेलाई सांस्कृतिक बोध गराइएको छ ।

महोत्सवमा थारु, मगर, गुरुङ, तामाङ र चेपाङ जातिको घर निर्माण गरी उनीहरूले प्रयोग गर्ने परम्परागत घरायसी उपकरण प्रदर्शनीसँगै मौलिक खाना प्रदर्शनी गरिएको छ। गत कात्तिक २६ गतेदेखि सञ्चालन भइरहेको महोत्सवमा चेपाङ जातिको सांस्कृतिक घरसँगै उनीहरूको पोसाक, उनीहरूको खाद्यान्न वनतरुल, गिठा, भ्याकुर, पिँडालु र स्याखु राखिएको छ। त्यस्तै, मगर जातिको सांस्कृतिक घरमा उनीहरूले प्रयोग गर्ने औजारहरू न्हाङली (नाङ्लो), पिराँखु (पेरुंगो), खुर्पा टचाक, खँचरी, मुजुरा, जाँतो, ओदान, ढिकी राखिएको छ। त्यसैगरी, मगर जातिको पर्वहरूमा खाइने मासको बटुक त्यहीँ पकाउँदै आगन्तुकहरूको स्वागत गर्ने गरिएको नेपाल मगर संघ गैंडाकोट नगर अध्यक्ष मस्रांगी मगरले बताए ।

महोत्सवको सांस्कृतिक समितिका संयोजकसमेत रहेका मगरले जनजातिहरूको संस्कृति लोप हुँदै गएकाले नयाँ पुस्तालाई यसबारे बुझाउन तथा संरक्षणका लागि स्थानीय सरकारलाई ध्यानाकर्षण गराउन महोत्सवमा सांस्कृतिक घरहरू राखिएको बताए । जातीय सांस्कृतिक घरसँगै ती जातिहरूले प्रयोग गर्ने परम्परागत सामग्री उपलब्ध भएसम्म राखिएको उनको भनाइ छ । 'नयाँ पुस्ताले चासो नदिँदा आदिवासी जानजातिहरूको संस्कृति हराउँदै गइरहेको छ,' उनले भने, 'हाम्रो प्रयासले नयाँ पुस्तालाई संरक्षणप्रति जागरण आउनसक्छ भने अन्य समुदायका व्यक्तिहरूलाई हाम्रो संस्कृति बुझ्न सहज हुन्छ ।'

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका अध्यक्ष एवं महोत्सव मूल समिति संयोजक अमृत भट्टचनले आफूहरू आर्थिक उपार्जनसँगै संस्कृति संरक्षणप्रति पनि सचेत रहेको बताए । 'जातजातिहरूको सांस्कृतिक घरमा अवलोकनसँगै उनीहरूको संस्कृतिबारे र प्रयोग गर्ने सामग्रीको बारेमासमेत जानकारी लिन पाइन्छ,' उनले भने, 'जातीय खानाहरूसमेत सांस्कृतिक घरमा राखिएकाले फरक-फरक संस्कृति एकैठाउँमा बुझ्न पाउने वातावरणसमेत बनेको छ ।' सांस्कृतिक घरमा ती जातिले खाने परम्परागत खाद्यान्नहरू प्रदर्शन तथा बिक्रीका लागिसमेत राखिएको उनले जानकारी दिए ।

'थारुको सांस्कृतिक घरमा घोंगी, चिचर, हाँसका परिकार, ढिकर (चामलको पिठोलाई पानीको वाफमा उसिनेर पकाइने एकप्रकारको रोटी) प्रदर्शनी तथा बिक्रीका लागि राखिएको छ,' अध्यक्ष भट्टचनले भने, 'त्यहाँ उनीहरूले माछा मार्न प्रयोग गर्ने ढडिया, जाल, ढिकी, जाँतो, हलो, जुवा, नारालगायतका परम्परागत औजारहरूसमेत राखिएका छन् ।' पाँचवटै जातिका घरमा उनीहरूले प्रयोग गर्ने परम्परागत तर लोपोन्मुख सामग्रीहरू प्रदर्शन गरिएको छ ।

अध्यक्ष भट्टचनले जातजातिहरूको मौलिक संस्कृति लोप हुने अवस्थामा पुगेका कारण यसको संरक्षणका लागि महोत्सवमा सांस्कृतिक घरहरू निर्माण गरिएको बताए । 'परम्परागत बस्ती र संस्कृतिबारे अहिलेका पुस्तालाई जानकारी नै छैन,' उनले भने, 'उनीहरूलाई हाम्रो जातजातिको सांस्कृतिक कुराहरूसहित भेषभूषा, रहनसहनबारे जानकारी गराउने उद्देश्यले लोपोन्मुख जातिलाई समेटेर यस्तो घर निर्माण गरिएको हो ।' मेला महोत्सवमा सांस्कृतिक घर निर्माण गरिँदा सबै समुदायलाई जातजातिको संस्कृतिबारे जानकार र सचेत गराउन तथा संस्कृति पुस्ताहस्तान्तरणका लागिसमेत महत्त्वपूर्ण हुने भट्टचनले बताए ।

महोत्सवको सांस्कृतिक समिति संयोजक मगरले नेपालको तराईदेखि पहाड र हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायलाई समेटेर महोत्सवमा सांस्कृतिक घर निर्माण गरिएको बताए । पहाडका गुरुङ, मगर, तामाङ, भावर क्षेत्रका चेपाङ तथा तराईका थारु समुदायका कला, संस्कृति र उनीहरूको रहनसहन झल्किने सांस्कृतिक घरले इतिहासलाई जीवन्त राख्नुका साथै महोत्सवमा आकर्षणसमेत बढाएको मगरले बताए । अहिलेका युवा पुस्ताले सुन्ने गरेको तर पहिले प्रयोगमा आउने गिठा, भ्याकुरको स्वाद लिन र संस्कृतिबारे प्रत्यक्ष अवलोकन गरेर बुझ्नका लागि सांस्कृतिक घरमा दर्शकहरू आउने गरेको उनले बताए ।

नेपाल आदिवासी जनजाति महासंघ गैंडाकोटका पूर्वनगर अध्यक्ष ललितबहादुर गुरुङले जनजातिको मात्रै नभएर क्षेत्री, ब्राह्मण समुदायका सांस्कृतिक घरहरूसमेत मेला महोत्सवमा राख्नुपर्ने बताए । 'क्षेत्री, ब्राह्मण समुदायकोसमेत आफ्नै खालको कला र संस्कृति हुन्छ, ती लोप हुने अवस्थामा पुगेका छन्,' उनले भने । आफ्नो कला र संस्कृति सबैलाई प्यारो हुने उल्लेख गर्दै मेला महोत्सवमा राखिने सांस्कृतिक पहिचानले एकअर्काको संस्कृति बुझ्न तथा नेपालीहरूको बीचमा भाइचाराको सम्बन्ध प्रगाढ बनाउन अझ मद्दत पुग्ने पूर्वअध्यक्ष गुरुङको भनाइ छ ।

अन्यत्रबाट आएर नवलपुरमा बसोबास गर्दै आएका जातजातिको पहिचान र उनीहरूको मौलिकताका लागि सांस्कृतिक घर निर्माणमा पहल गरेको उनले बताए । आफूहरूको संस्कृति लोप हुने अवस्थामा पुगेका कारण हरेक दर्शकले देखुन् र जान्न पाउन् भन्नकै लागि महोत्सवमा सांस्कृतिक घरसँगै उनीहरूको रहनसहन झल्किने परम्परागत औजार तथा खाद्यान्नहरू राखिएको गुरुङको भनाइ छ । यस महोत्सवमा प्रवेश गर्ने जो कोहीको आँखा प्रवेशद्वारसँगै रहेको सांस्कृतिक घरमा गएर ठोक्किने गरी सुरुमै निर्माण गरिएकाले पनि चासोका साथ यसलाई लिइएको छ ।

निकै कलात्मक तरिकाले निर्माण गरिएका घरहरूको छानो खरले छाएका छन् । बाँसले बेरिएको घरमा माटोले लिपपोत गरेर भित्तामा जातीय संस्कृति झल्किने विभिन्न कला र आकृति कोरिएको देख्न पाइन्छ । महोत्सवमा सांस्कृतिक घर निर्माणका लागि तिनै जातिका कालीगढहरू प्रयोग गरिएको थियो ।

चितवनको भरतपुरमा महोत्सव हेर्न आएका युवा रामप्रसाद खनालले महोत्सवमा रहेका सांस्कृतिक घरले जनजातिको कला र संस्कृतिबारे नजिकबाट बुझ्न आफूलाई मद्दत गरेको बताए । 'भावर क्षेत्रमा बसोबास गर्ने चेपाङको बारेमा धेरै सुनेको थिएँ, उनीहरूले खाने कन्दमुलको बारेमा सुनेको थिएँ, तर देख्न पाएको थिइनँ,' खनालले भने, 'गण्डकी प्रदेश महोत्सवमा आएर चेपाङसहित अन्य जातिको जातीय पहिचानको बारेमा प्रत्यक्षरूपमा देख्न र बुझ्न पाएँ ।' महोत्सवमा उनले जनजातिको परम्परागत घरसँगै उनीहरूको मौलिकता झल्किने खाना तथा संस्कृति राखिनु संस्कृति संरक्षणको राम्रो प्रयास भएको बताए ।

कास्कीको पोखराबाट यस महोत्सवमा पुगेकी सुजाता कुँवरले जीवनमा कहिल्यै अनुभव नगरेको ढिकर, घोंगी देख्न र चाख्न पाउँदा रमाइलो लागेको बताइन् । 'हाम्रो मौलिकता झल्किने सामग्रीहरूले हाम्रो इतिहास, कला र संस्कृतिबारे बुझ्न त मद्दत गरेकै हुन्छ,' उनले भनिन्, 'त्यसका साथसाथै आन्तरिक र बाहय पर्यटन प्रवर्द्धनसँगै संस्कृति संरक्षणमासमेत महत्त्वपूर्ण टेवा पुऱ्याएको हुन्छ ।' संस्कृति बुझ्न र उनीहरूले प्रयोग गर्ने परिकार पकाएको र पकाउने तरिकाबारे बुझ्दा खानाका पारखीहरूका लागि फाइदा पुग्ने उनको भनाइ छ ।



**सामा चकेवा महोत्सव** | सप्तरीको बोदे बरसाइन नगरपालिका-२ स्थित थारु कल्याणकारिणी सभा सप्तरीको आयोजनामा जिल्लास्तरीय समा चकेवा महोत्सवमा थारू महिलाहरूले माटोले बनाएको समाचकेवा । *तस्बिर: लोकेन्द्रप्रसाद यादव/रासस*

## रुकुममा बस दुर्घटना, नौ जना घाइते



**त्रिवेणी (रुकुम पश्चिम)–** काठमाडौंबाट राडीतर्फ आउँदै गरेको बस रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-११ रिठामा दुर्घटना हुँदा नौ जना घाइते भएका छन् । प्रदेश ३-०१ ००५ ख ९९६६ नम्बरको बस शनिबार भेरी करिडोरअन्तर्गत रिठा नजिकै दुर्घटना हुँदा धादिङ खाग्री गाउँपालिका-१ का ३१ वर्षीय चालक खड्कबहादुर तामाङ, सोही गाउँपालिका-६ का २८ वर्षीय भीमबहादुर भुलन, रुकुम पश्चिमको आठबिसकोट-९ का ३१ वर्षीय प्रकाश गौतम, दोलखा भिमेश्वर नगरपालिका-७ का २६ वर्षीय प्रकाश मगराठी घाइते भएका जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी प्रहरी निरीक्षक ऋषि पाठकले जानकारी दिए ।

अन्य घाइतेमा आठबिसकोट-११ का १७ वर्षीय गणेश रसाइली, जाजरकोट नलगाड नगरपालिका-८ का ४५ वर्षीया भीमकुमारी चँदारा, उनको १० वर्षीय छोरा मानबहादुर चँदारा, मोरङ खेरुवा नगरपालिका-५ का २८ वर्षीय आकाश काफ्ले र जाजरकोट नलगाड-१२ की २५ वर्षीया किसङकुमारी विक रहेका छन्। घाइते सबैको नगर अस्पताल राडीमा उपचार भइरहेको प्रहरी निरीक्षक पाठकले जानकारी दिए । उनका अनुसार बस अनियन्त्रित भई सडकबाट ५० मिटर तल खसेको थियो ।

## हेटौंडा-१२ मा बढदै चुनावी सरगर्मी




**बागमती (प्रस)–** प्रमुख राजनीतिक दलले हेटौंडा उपमहानगरपालिका-१२ को रिक्त वडाध्यक्ष पदका लागि यही मंसिर १६ गते हुने उपनिर्वाचनमा प्रतिस्पर्धा गर्ने उम्मेदवारको टुंगो लगाएका छन् । गत २०७९ वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनबाट सो वडाको वडाध्यक्षमा निर्वाचित ललितबहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुखमा निर्वाचित भएपछि वडाध्यक्ष पद रिक्त भएको हो । निर्वाचन आयोगको कार्यतालिका अनुसार मंसिर २ गते उम्मेदवारी मनोनयन दर्ता हुने छ।

नेपाली कांग्रेसले अर्जुन तिवारीलाई उम्मेदवार बनाउने निर्णय गरेको नेपाली कांग्रेस हेटौंडा नगरसमितिका सभापति उत्सव इटेनीले जानकारी दिए । नेकपा एमालेले राजेश नगरकोटीलाई उम्मेदवारका रूपमा प्रस्तुत गरेको छ भने नेकपा माओवादी केन्द्रले रविन प्रधानलाई उम्मेदवार बनाएको छ। ठूला दलसँगै नेकपा एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि उम्मेदवार टुंगो लगाएका छन् । पार्टीको वडा, नगर र जिल्ला कार्यसमितिको संयुक्त बैठकले आशा वीरबललाई उम्मेदवार बनाउने निर्णय गरेको रास्वपा हेटौंडा नगर सभापति ध्रुवबहादुर विष्टले बताए। एकीकृत समाजवादीले बलराम बल र राप्रपाले प्रेम लामालाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

उपनिर्वाचन नजिकिएसँगै सो वडामा चुनावी सरगर्मी बढेको छ। गत निर्वाचनमा प्रमुख तीन दलबीच नै प्रतिस्पर्धा भएको थियो। यसपटक पनि त्यस्तै हुने आकलन गरिएको छ।


# कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गुरलरिया, कन्चनपुर सुदुरपश्चिम प्रदेश

**बिद्युतीय बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०७/०२ गते

यस कार्यालयको आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम अनुसार तपशील अनुसारको कार्य गर्न इजाजत प्राप्त फर्म तथा कम्पनीहरूबाट आवश्यक कागजात संलग्न राखी देहायको मिति र समयभित्र अनलाईन बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| ठेक्का नं. | विवरण | लागत अनुमान रकम ढुवानी सहीत | फाराम दस्तुर रु. | धरौटी/जमानत रकम रु. | धरौटी/जमानत रकमको म्याद |
|---|---|---|---|---|---|
| 13–MED–2081/082 | कार्यालयका लागी औषधी खरिद | ५०,००,०००/- | ३,०००/- | १,२५,००० /- | १२० दिन |
| 14–SUP–2081/082 | छात्राहरु कालागी : स्यानीटरि प्याड खरिद | ३६,११,८८६/- | ३,०००/- | ९१,०००/- | १२० दिन |

| | |
|---|---|
| बैंकको विवरण: कुमारि बैंक, शाखा कार्यालय गुलरिया, कञ्चनपुर | बोलपत्र सम्वन्धि कागजातहरु www.bolpatra.gov.np/egp. बाट तोकीएको फाराम दस्तुर तिरी खरिद गर्न सकिनेछ । ठेक्का सम्बन्धि बिस्तृत विवरण बोलपत्र सम्बन्धि कागजपत्रमा उल्लेख गरिएको छ । |
| जमानत खाता (धरौटी खाता) ग ३ : २७००२४८२१६२०००४<br>आन्तरिक राजश्व खाता ग १.१: २७००२४८२१६२००००९ | |

१. बोलपत्रको दर्ता मिति २०८१/०९/०२ दिनको १२:०० बजे र खोलिने मिति सोही दिनको १४:०० बजे हुनेछ ।
२. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
३. औषधीको हकमा Expire Date स्टोर दाखिला भएको दिनबाट कम्तीमा १८ महिना बाँकी भएको हुनुपर्नेछ र १८ महिना भन्दा कम Self–life भएका औषधिहरूको हकमा स्टोर दाखिला भएको मितिबाट कम्तीमा ७% प्रतिशत म्याद बाँकी हुनुपर्नेछ ।
४. विश्व स्वास्थ्य संगठनको कुशल उत्पादक प्रक्रिया भएको प्रमाणित प्रमाणपत्र भएको (WHO–GMP Certified) उत्पादनकर्ताबाट उत्पादित औषधी मात्र सप्लाई गर्नुपर्नेछ सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
५. स्यानीटरी प्याडको हकमा सबै स्यानीटरी प्याडहरु न्युनतम २८०+२) मि.मी. आकारको NS मार्क र ISO प्रमाणित कम्पनीहरुबाट मात्र आपुर्ति गर्नुपर्नेछ । साथै, बोलपत्रदाताले बोलपत्र फारममा NS/ISO प्रमाणित कम्पनीको नाम उल्लेख गर्नुपर्नेछ । कम्पनी उल्लेख नगर्ने वा आंशिक रुपमा उल्लेख गर्ने बोलपत्रहरुमाथी कुनै कारबाही गरिने छैन ।
६. सूचनामा परेका ब्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहीत) तथा नेपाल सरकारको कानुन अनुसार हुनेछ ।

**- प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

## फिरोजले ल्याए 'यो कस्तो खुसी'

नेपाली फिल्म 'दर्पण छायाँ २' मार्फत अभिनयमा उदाएका फिरोज तिमल्सिनाले गायनमा समेत आफूलाई अगाडि बढाईरहेका छन्। 'नेपाल आइडल' र 'द भ्वाइस अफ नेपाल'को पहिलो सिजनमा काम गरेका फिरोजले आफ्नो गायन यात्रालाई निरन्तरता दिदै 'यो कस्तो खुशी' बोलको गीतको भिडियो सार्वजनिक गरेका छन्। फिरोजले स्वर भरेको गीतमा शब्द मिलन पोखरेल र सङ्गीत प्रकाश नेपालीको रहेको छ। पछिल्लो अध्यनको शिलशिलामा समय संयुक्त राज्य अमेरिकामा रहेका फिरोजले यसगीतमा आफु भन्दा टाढा रहेका प्रेमिल जोडीको कथा प्रस्तुत गरेको बताए।



आइतबार, ०२ मंसिर २०८१ (Sunday, November 17, 2024)

# 'एफएलएफ अवार्ड'को छैटौं संस्करण सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं–** फाल्गुनन्द लिङ्देन फिल्म्स् प्रालिद्वारा आयोजना हुँदै आएको भाषा, संस्कृतिमा बनेका फिल्म, म्युजिक भिडियोहरूको संयुक्त संस्कृतिमूलक अवार्ड 'एफएलएफ अवार्ड'को छैटौं सस्करण राजधानीमा सम्पन्न भएको छ।

किशोर सुब्बा, दिनेश लिङ्देन, लिला सिङ्घक र विवस माङ्मु जुरी मण्डल रहेको अवार्डमा नायक आशिष लिङ्देनलाई लाइफ टाइम अचिभमेन्ट अवार्ड दिइएको थियो। अवार्डमा फिल्म 'सुगुप'ले 'उत्कृष्ट चलचित्र' र 'चे'ले 'उत्कृष्ट कथा'को अवार्ड जिते।

त्यस्तै नायिकातर्फ विमला खजुम, नायकतर्फ आशाहाङ आङ्बो, गीतकारतर्फ रीता फोम्बो, संगीततर्फ संगीतकार रोशन बान्तावा राई, गायिकातर्फ सुनिता लावती, गायकतर्फ निर्मल सुब्बा, छायांकारतर्फ सम्राट कार्की र निर्देशकतर्फ सागर सुब्बा उत्कृष्ट ठहरिए।

फिल्म निर्मात्री आशा नेम्बाङको सभाध्यक्ष तथा पूर्व उपराष्ट्रपति नन्दबहादुर पुन प्रमुख अतिथि रहेको कार्यक्रममा पूर्व मेजर जनरल होमकुमार लावती, कलाकार तथा निर्माता अशोक शर्मा, निर्देशक उदय सुब्बा, गायक धिरज राई अतिथी थिए।

कार्यक्रमलाई सांगीतिक बनाउन गायक धिरज राई, हेम दिलुङ्छा राई, नरेश बनेमले गीत गाउँदा नायक सोम लामाले नृत्य प्रस्तुत गरेका थिए। राष्ट्रिय नाचघरमा भएको अवार्डको प्रमुख प्रायोजक कलाकार तथा युवा व्यवसायी केशवराम राई रहेका थिए।

# मञ्चमा फर्किए महजोडी

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालको हास्य-व्यंग्य विधामा विशिष्ट स्थान बनाउन सफल जोडी मह अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य एक दशकपछि पुनः मञ्चमा फर्किएका छन्। 'मह जात्रा' प्रहसनमार्फत पुनः मञ्चमा फर्किएका महलाई हेर्न काठमाडौँको नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादीमा दर्शकको भीडभाड छ।

कार्यक्रममा सबै वर्ग र समूहका दर्शकको उपस्थिति देखिएको र महको प्रस्तुतिमा रमाएको कलाकार किरण केसीले जानकारी दिए। 'कार्यक्रममा दर्शकहरूको भीड देख्न पाइयो, जसले यो जोडीप्रतिको दर्शकको माया र सम्मानलाई पुनः एकपटक झल्काएको छ। हामीले विदेशमा समेत यही शीर्षक यसै वर्ष कार्यक्रम गरेका थियौं। विदेशपछि स्वदेश पाएको माया अद्भुत छ', कलाकार केसीले भने।

यो कार्यक्रमलाई मह जोडीको सम्भावित अन्तिम प्रहसन मानिएको छ। यसमा कलाकार श्रेष्ठको स्वास्थ्य चुनौतीका बाबजुद हास्य-व्यंग्यमा निरन्तरता दिने अठोट र कलाकार आचार्यसँगको अटुट सहकार्यका कारण यो प्रहसन सम्भव भएको कलाकार केसीको बुझाइ छ। 'मह जात्रा' ले दर्शकलाई समाजमा विद्यमान समसामयिक मुद्दाहरूलाई हास्यशैलीमार्फत प्रस्तुत गर्दै गम्भीर रूपमा सोच्न प्रेरित गर्नेछ। नेपाली समाजका परम्परा, राजनीति, सामाजिक संरचना र सांस्कृतिक कुरीतिहरूलाई गरिएको व्यंग्यलाई दर्शकले रुचाएका छन्।

प्रहसनमा कलाकार राजाराम पौडेल, शिवहरि पौडेल, नरेन्द्र कंसाकार, शैलेन्द्र सिम्खडा, यमन श्रेष्ठ, दिनेश काफ्ले र विभुषा बस्नेतले पनि आफ्नो प्रस्तुति दिइरहेका छन्।

मह सञ्चार र सुश्री मिडिया प्रालिको सहकार्यमा प्रस्तुत यो कार्यक्रम 'मह जात्रा' ले दर्शकलाई हँसाउने मात्र होइन, समाजप्रति नवीन दृष्टिकोण राख्न प्रेरित गर्ने विश्वास आयोजकको छ। मीरा फाउन्डेसन र मानव सेवा आश्रमको सहयोगार्थ आयोजना गरिएको कार्यक्रम कात्तिक २९ गतेदेखि सुरु भएको 'मह जात्रा' मङ्सिर १, ४, ५, ६, १२, १३, १७ र १८ सम्म चल्नेछ।

# मैनालीको 'परालको आगो'मा फिल्म बन्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** कथाकार गुरूप्रसाद मैनालीको 'परालको आगो' कथामा आधारित भएर फिल्म निर्माण हुने भएको छ। मैनाली कथा पुरस्कार ट्रस्टको तर्फबाट कथाकार मैनालीका छोरा माधवप्रसाद मैनालीले निर्माता सुशील पोखरेलको कम्पनी हरिओम सिने मेकर्सलाई 'कथाको भाव र मर्म नबिग्रने गरी' फिल्म निर्माणका लागि मञ्जुरी दिएका छन्।

लक्ष्मण सुनारको निर्देशनमा बन्न लागेको फिल्मलाई आगामी वर्षको दशैंमा रिलिज गरिने जनाइएको छ। आगामी फागुनदेखि फिल्मको छायांकनमा सुरु हुनेछ। यसअघि 'परालको आगो' कथामा ४५ वर्षअघि निर्देशक प्रताप सुब्बाले पनि फिल्म निर्माण गरेका थिए। यसपटक भने लोकेसन, प्रस्तुतिकरण र पटकथालाई फरक किसिमले प्रस्तुत गरिने निर्माता पोखरेलको भनाई छ।

'परालको आगो' कथामा दुई पात्र चामे र गौंथलीको झैंझगडालाई प्रस्तुत गरिएको छ। यो कथाकार मैनालीको सर्वश्रेष्ठ कथा हो। फिल्ममा सुशील देवकोटा लेखन, सुरेन्द्र रानाको शब्द रचना, सत्यराज आचार्य र स्वरूपराज आचार्यको संगीत तथा रामजी लामिछानेको कोरियोग्राफी रहने बताइएको छ। यस फिल्ममा कलाकार को हुने भन्ने निश्चित नभएको बुझिएको छ।



# जिलेस्पी र रोहितको गोलमा अफगानिस्तानविरुद्ध नेपाल विजयी



■ प्रभाव संवाददाता

**डुसान्बे–** डिफेन्डर रोहित चन्दको करियरकै पहिलो गोलसँगै नेपालले अफगानिस्तानलाई मैत्रीपूर्ण खेलमा पराजित गरेको छ। सेन्ट्रल स्टेडियम डुसान्बेमा शनिबार भएको मैत्रीपूर्ण खेलमा नेपालले अफगानिस्तानलाई २-० ले पराजित गरेको हो।

खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। तर, दोस्रो हाफको सुरूआतमै जेलस्पीजंग कार्कीले नेपाललाई अग्रता दिलाए। उनले दोस्रो हाफको दोस्रो मिनेटमै गोल गर्दै नेपाललाई अग्रता दिलाएका थिए। त्यसपछि खेलको ७८औं मिनेटमा रोहित चन्दले करियरकै पहिलो गोल गरे। उनले कर्नरबाट प्राप्त बललाई गोलमा परिणत गरेका थिए।

नेपालले पुरुष फुटबलमा एक वर्षपछि पहिलो जित हा तपारेको हो। फिफा विश्वकप र एएफसी एसियन कप संयुक्त छनोट अन्तर्गत २०२३ अक्टोबरमा प्रारम्भिक चरणमा लाओस विरुद्ध अवे खेलमा जित हात पारे यता यो नेपालको पहिलो जित हो। नेपालका लागि ताजिकिस्तानविरुद्ध ४-० ले हारेको खेलमा पहिलो रोजाईमा मैदानमा उत्रिएका डिफेन्डर सुमित श्रेष्ठ र विमल पाण्डे तथा मिडफिल्डडर एरिक विष्ट, रोहन कार्की र भरत खवासलाई 'बेञ्च' मा राख्दै डिफेन्डर अभिषेक लिम्बु, मिडफिल्डर मणि लामा, उत्सव राई, मनीष डाँगी र फरवार्ड आयुष घलानलाई पहिलो रोजाईमा खेलेका थिए।

# रोनाल्डोको दुई गोलसँगै पोल्याण्डमाथि पोर्चुगलको जित



■ प्रभाव संवाददाता

**काठमाडौं –** पोर्चुगलले यूईएफए नेसन्स लिगमा फराकिलो जित हासिल गरेको छ। शुक्रबार राति भएको खेलमा पोर्चुगलले पोल्यान्डलाई ५-१ गोलअन्तरले हराउँदै क्वाटरफाइनलमा स्थान सुरक्षित गर्न पनि सफल भएको छ।

पोर्चुगलको जितमा ३९ वर्षीय स्टार फरवार्ड क्रिस्टियानो रोनाल्डोले दुई गोल गरे। त्यसैगरी राफाया लिओ, ब्रुनो फर्नान्डेस र पेड्रो नेटोले एक/एक गोल गरे। पोल्याण्डका डोमिनिक मार्क्जुकले सान्त्वना गोल फर्काए। सबै गोल दोस्रो हाफमै भएका थिए। पहिलो हाफमा दुवै टोलीले केही अवसर सिर्जना गरेपनि गोल भने गर्न नसक्दा गोलरहित बराबरी भएको थियो।

दोस्रो हाफको ५९औं मिनेटमा लिओले गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए। त्यसपछि ७२औं मिनेटमा पोर्चुगलले पेनाल्टी पायो। पेनाल्टीमा रोनाल्डो चुकेनन् र टोलीको अग्रता दोब्बर पारे।

त्यसपछि ब्रुनो फर्नान्डेसले उत्कृष्ट गोल गर्दै टोलीलाई ३-० ले अगाडि ल्याए। ८३औं मिनेटमा पेड्रोले गोल थपे भने ८७औं मिनेटमा रोनाल्डोले एक्रोब्याटिक गोल गर्दा पोर्चुगल ५-० को फराकिलो अग्रता बनाउन सफल भयो। त्यसको एक मिनेटपछि मार्क्जुकले सान्त्वना गोल फर्काए। ५-१ को फराकिलो जित निकालेको पोर्चुगल लिग ए ग्रूप १ मा ५ खेलमा १३ अंकसहित शीर्ष स्थानमा छ। उसको क्वाटरफाइनलमा स्थान सुरक्षित भइसकेको छ।

अन्य खेलहरूमा स्कटल्याण्डले क्रोएसियालाई १-० ले हरायो भने स्पेनले डेनमार्कमाथि २-१ को जित निकाल्यो।

# बुटवल राइनोज विजयी

**रूपन्देही (प्रस)–** रूपन्देही सुपर लिग क्रिकेट प्रतियोगितामा डिभिजन 'बी'को शनिबारको खेलमा बुटवल राइनोज विजयी भएको छ। उसले शंकरनगर क्रिकेट क्लबलाई ३ विकेटले पराजित गरेको हो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा जारी प्रतियोगितामा जीतका लागि पाएको १०८ रनको लक्ष्य बुटवल राइनोजले ७ विकेट गुमाएर भेट्टायो। उसले मौसमका कारण ४० ओभरमा छोट्याइएको खेलमा ३५ ओभर २ बल खेल्दै लक्ष्य पूरा गरेको हो।

बुटवल राइनोजका लागि नितिन त्रिपाठीले अविजित ४६, शिव कुँवरले २० र विपीनविक्रम शाहीले १९ रनको योगदान दिए। बलिङमा शंकरनगरका रूपेश बस्यालले २ तथा नवीन भण्डारीले १ विकेट लिए।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको शंकरनगरले ४० ओभरमा ९ विकेटको नोक्सानीमा १०७ रन बनाएको थियो। उसका लागि रूपेश बस्यालले २०, अभय विश्वकर्माले १७, अभिनव अधिकारीले १४ र जय गोदारले १२ रन जोडे पनि जीतका लागि पर्याप्त भएन।

बलिङमा बुटवल राइनोजका शिव कुँवर र विपीनविक्रम शाहीले २-२ तथा सुप्रिम कँडेल, विकास साहु र शुभम घमालले १-१ विकेट हात पारे। खेलमा शिव कुँवर प्लेयर अफ द म्याच भई एक हजार २०० रूपैयाँ हात पारे।

रूपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टीमले नगद १ लाख १ र उपविजेताले ५० हजार १ रूपैयाँ नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै हरेक खेलका म्यान अफ द म्याचले १ हजार २००, म्यान अफ द सिरिजले १५ हजार, बेस्ट ब्याटर, बेस्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रूपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाणले जानकारी दिए।

# विश्व म्याराथन मञ्चमा नेपालको दाबेदारी

■ प्रभाव संवाददाता

**बाँके–** विश्व म्याराथन मञ्चमा नेपालको दाबेदारी प्रभावशाली देखिएको छ। विश्व म्याराथनको साझा संस्था एसोसियसन अफ इन्टरनेसनल म्याराथन एण्ड डिस्टेन्स रेस(एम्स)को २५ औं वर्ल्ड कंग्रेस आयोजनाका लागि नेपालगञ्ज म्याराथनले नेपालमा आयोजना गर्न दाबेदारी प्रस्तुत गरेको थियो।

नर्वेले ८५ मत पाउँदा नेपालका तर्फबाट नेपालगञ्ज म्याराथन ६७ मत प्राप्त गर्न सफल भएको छ। भियतनामको हनोइमा जारी २४औं वर्ल्ड कंग्रेसका दौरान शनिबार भएको मतदान प्रक्रियाबाट २०२६ मा हुने पच्चीसौं वर्ल्ड कंग्रेस नर्वेमा हुने निर्णय गरियो। 'दस मिनेटको भिडियो प्रस्तुतिले सबैलाई नेपालप्रति लोभ्यायो', नेपालगञ्ज म्याराथनका संस्थापक अध्यक्ष टीएस ठकुरीले भने, 'अन्तर्राष्ट्रिय समुदायमा केही 'लबिङ' पनि जरुरी हुंदो रहेछ, त्यसमा हामी चुक्यौं।'

नर्वेले आसन्न कंग्रेस आयोजनाको अवसर पाए पनि सभाहलमा नेपाल धेरैको सहानुभूति बटुल्न सफल भएको ठकुरीले बताए। 'नेपाललाई विश्वमञ्चमा नोटिस गराउन सफल भइयो, यसमा खुशी लागेको छ', उनले भने, 'प्रयास गर्नेले नै जित्ने हो, हामीले एक कदम अगाडि बढेका छौं, सबैको मायाले यो उर्जा मिलेको हो, नेपालगञ्ज म्याराथन सम्बद्ध सबैप्रति कृतज्ञ छ।'

संसारमै लोकप्रिय इभेन्ट म्याराथनलाई आधिकारिकता दिने साझा संस्था एम्स हो। एम्समा आबद्ध हरेक देशका म्याराथन आयोजक यतिबेला हनोइमा उपस्थित भएका छन्। धारा नेपालगञ्ज म्याराथनको दशौं संस्करण यही मंसिर २२ गते हुँदैछ।



दक्षिणपश्चिम चीनको गुइझाउ प्रान्तस्थित कंगजियाङ काउन्टीको झान्ली गाउँमा काठको न्याकमा झुण्ड्याएर भण्डार गरिएको धानको बालाको तस्बिर लिँदै एक व्यक्ति । *तस्बिरः सिन्ह्वा*

# ‘कूटनीतिक माध्यमबाट’ युद्ध अन्त्य गर्न चाहेको जेलेन्स्कीको भनाइ

**किएभ, युक्रेन–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आगामी वर्ष ‘कूटनीतिक माध्यमबाट’ रूससँगको युद्ध अन्त्य गर्न चाहेको बताएका छन् । उनले अर्को वर्ष डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकामा राष्ट्रपति पदको कार्यभार सम्हाल्नेबित्तिकै यो द्वन्द्व पहिलेभन्दा छिट्टै अन्त्य हुने बताएका हुन् ।

युक्रेनी रेडियोसँगको अन्तर्वार्तामा जेलेन्स्कीले भने, ‘यो युद्ध अर्को वर्ष अन्त्य होस् भनेर हामीले सक्दो प्रयास गर्नुपर्छ । हामीले कूटनीतिक माध्यमबाट यसलाई अन्त्य गर्नुपर्छ । यो धेरै महत्त्वपूर्ण छ ।’ रूस र युक्रेनबीच कुनै अर्थपूर्ण वार्ता भएको छैन, तर ट्रम्पको राष्ट्रपति पदले द्वन्द्वको भविष्यमाथि प्रश्न उठाएको छ । रिपब्लिकन नेता ट्रम्पले बारम्बार छिटो युद्ध अन्त्य गर्ने बताएका छन् । जेलेन्स्कीले भने, ‘रूसीहरू के चाहन्छन् भनेर हामीले बुझ्नुपर्छ ।’ रूसतर्फ संकेत गर्दै उनले भने, ‘हामीले यस्तो राज्यसँग युद्ध गरिरहेका छौं कि जसले आफ्ना जनताको कदर गर्दैन, जहाँ धेरै उपकरणहरू छन्, जसले कति मानिसहरू मर्छन् भन्ने कुराको वास्ता गर्दैन ।’

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मस्कोले कब्जा गरेको युक्रेनी भूमि किएभले दाबी नगरी आत्मसमर्पण गरेमा मात्र युक्रेनसँग वार्ता स्वीकार गर्ने बताएका छन् । क्रेमलिनले शुक्रबार जर्मन चान्सलर ओलाफ स्कोल्जसँग फोनमा भएको कुराकानीमा उक्त माग दोहोऱ्याएको जनाएको छ । जेलेन्स्कीले पुटिनको सर्त अस्वीकार गरेका छन् । मस्को यस वर्षको गृष्मयामदेखि पूर्वी युक्रेनमा निरन्तर अघि बढ्दै पोक्रोभ्स्क र कुराखोभजस्ता प्रमुख क्षेत्रहरूको नजिक पुगेको छ । जेलेन्स्कीले शनिबार रुसी सेनाले ठूलो क्षति व्यहोर्नुपरेको र केही क्षेत्रमा सैन्य कारबाही ‘सुस्त’ भएको बताएका थिए । *रासस/एएफपी*

# भारतीय अस्पतालमा आगलागी हुँदा १० जना नवजात शिशुको मृत्यु



**नयाँदिल्ली–** भारतीय अस्पतालमा आगलागी हुँदा १० जना नवजात शिशुको मृत्यु हुनुका साथै अन्य १६ शिशुको अवस्था गम्भीर रहेको अधिकारीहरूले शनिबार बताएका छन् ।

अधिकारीका अनुसार शुक्रबार राति करिब १०:३० बजे झाँसीको महारानी लक्ष्मीबाई मेडिकल कलेजको एनआइसियूमा आगलागी भएको थियो । घटनास्थलको फुटेजमा वार्डभित्र जलेको विस्तरा तथा पर्खालहरू देखिएका थिए भने आक्रोशित परिवारहरू अस्पताल बाहिर पर्खिरहेका थिए । यसैगरी आगलागीबाट उद्धार गरिएका बच्चाहरूलाई सुरक्षित ठाउँमा राखिएको थियो ।

आगलागीको घटनामा १० जना शिशुको दुखद् मृत्यु भएको उत्तर प्रदेशका उपमुख्यमन्त्री ब्रजेश पाठकले पत्रकारहरूलाई बताएका छन् । उनका अनुसार सातवटा शवको पहिचान भइसकेको छ भने तीनवटा शवको यो समाचार तयार पार्दासम्म पहिचान हुन सकेको थिएन । आगलागीको कारणबारे अनुसन्धान गरी जिम्मेवारहरू विरुद्ध कडा कारबाही गरिने पाठकले जनाएका छन् । प्रमुख जिल्ला अधिकारी अविनाश कुमारले युनिटमा विद्युतीय सर्टसर्किटका कारण आगलागी भएको बताएका छन् ।

गम्भीर घाइतेहरूलाई चिकित्सा सेवा प्रदान गरिरहेको प्रमुख जिल्ला अधिकारी अविनाश कुमारलाई उद्धृत गरी हिन्दुस्तान टाइम्सले जनाएको छ । स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गर्दै वातावरणमा अक्सिजनको स्तर बढाउन प्रयोग गरिने मेसिनरीको टुक्रामा आगलागी भएको जनाएका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्समार्फत बालबालिकाको मृत्युलाई ‘हृदयविदारक’ घटना भन्दै निर्दोष सन्तान गुमाउनेहरूप्रति समवेदना व्यक्त गरेका छन् ।

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले शोकाकूल परिवारलाई पाँच लाख रूपैयाँ क्षतिपूर्ति दिने घोषणा गर्दै सम्बन्धित अधिकारीहरूलाई राहत र उद्धार कार्य गर्न निर्देशन दिएका छन् । *रासस/एएफपी*

# इजरायली निकासी आदेशपछि दक्षिण बेरूतमा पुनःआक्रमण

**बेरुत (लेबनान)–** इजरायली सेनाले निकासी आदेश जारी गरेको केही समयपछि लेबनानको राजधानी बेरुतको दक्षिणी उपनगरमा शनिबार पुनःआक्रमण भएको एएफपिटिभीले जनाएको छ ।

इजरायलले हिजबुल्लाहको गढ रहेको सहरको दक्षिणी उपनगरहरूमा मंगलबारदेखि निरन्तर आक्रमण गरेको जनाउँदै एएफपिटिभीले शनिबार बिहान उक्त क्षेत्रका भवनहरूबाट धुवाँ उडेको देखाइएको छ । आक्रमणको केही समयअघि, इजरायली सेनाका प्रवक्ता अविचाय अद्राईले सामाजिक सञ्जाल एक्सको पोस्टमा हारेट ह्रीक उपनगरका बासिन्दाहरूलाई उक्त क्षेत्र खाली गर्न आह्वान गरेका थिए ।

पोस्टमा अरबी भाषामा ‘तपाईं हिजबुल्लाहका सुविधाहरू नजिक हुनुहुन्छ, यसको विरूद्ध इजरायली सेनाले शीघ्र आक्रमण गर्ने छ’ भन्दै कम्तीमा ५०० मिटर टाढा जान आग्रह गरिएको थियो । लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले ‘इजरायलले’ तीनवटा हवाई आक्रमण गरेको र हारेट ह्रीक नजिकै भएको आक्रमणले त्यस क्षेत्रका भवनहरू ध्वस्त पारेको जनाएको छ ।

पछिल्लो समयमा दक्षिण बेरुतमा भएको बारम्बारको इजरायली हवाई आक्रमणले यस क्षेत्रबाट नागरिकहरूको ठूलो पलायन निम्त्याएको छ । दक्षिणी लेबनानमा, इजरायलले शुक्रबार राति र शनिबार बिहान धेरै आक्रमण गरेको एनएनएले जनाएको छ । यसैगरी हिजबुल्लाहले रातारात, उत्तरी इजरायलमा सेनाको मुख्यालयलाई लक्षित गरी दुईवटा रकेट आक्रमण गरेको दाबी गरेको छ ।

गत सेप्टेम्बर-२३ देखि, इजरायलले लेबनानमा हवाई आक्रमण बढाएको छ, भने हिजबुल्लाहले स्थलगत सेना तैनाथ गरेको छ । लेबनानी अधिकारीहरूका अनुसार गत वर्षको अक्टोबरमा हिजबुल्लाह र इजरायलबीच आक्रमण सुरु भएदेखि तीन हजार ४४० भन्दा बढी मानिसहरूको मृत्यु भएको छ ।

द्वन्द्वले लेबनानमा पाँच अर्ब डलरभन्दा बढी आर्थिक नोक्सान पुऱ्याउनुका साथै संरचनात्मक क्षति अर्बौंभन्दा बढी भएको विश्व बैंकले जनाएको छ । *रासस/एएफपी*

# रूसद्वारा अमेरिकामा युरेनियम निर्यात प्रतिबन्ध

मस्को (रूस)- रूसले संयुक्त राज्य अमेरिकामा युरेनियम निर्यातमा अस्थायी प्रतिबन्ध लगाएको रूसी सरकारले जनाएको छ । स्रोतका अनुसार प्रतिबन्धहरू अमेरिकामा निर्यात तथा अमेरिकी क्षेत्राधिकारमा दर्ता भएका संस्थाहरूसँग विदेशी व्यापार सम्झौताअन्तर्गत लागू हुने छन् । प्राविधिक र निर्यात नियन्त्रणका लागि संघीय सेवाले जारी गरेको इजाजतपत्रअन्तर्गत वितरण गर्न अनुमति दिइने छ ।

प्रतिबन्धले युरेनियमका लागि रूसमा निर्भर अमेरिकाको आणविक ऊर्जा आपूर्तिमा अभाव खडा गर्ने आँकलन गरिएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले गत मे महिनामा हस्ताक्षर गरेको सन् २०४० सम्म रूसी युरेनियम आयातमा प्रतिबन्ध लगाउने अमेरिकी कानुनपछि यो कदम चालेको जनाइएको छ । अमेरिकी तथ्यांकअनुसार यस वर्ष रुसी युरेनियमको कूल खरिद ५७४ मिलियन डलर पुगेको छ जुन अघिल्लो वर्षको तुलनामा लगभग ३२ प्रतिशतले कम हो । *रासस/सिन्ह्वा*

# अफगानिस्तानमा सवारी दुर्घटना, आठ जनाको मृत्यु

फैजाबाद (अफगानिस्तान)- उत्तरी अफगानिस्तानको बदख्सान प्रान्तको कोक्चा नदीमा यात्रुवाहक गाडी दुर्घटना हुँदा महिला तथा बालबालिकासहित आठ जनाको मृत्यु भएको स्थानीय अधिकारीले शनिबार बताएका छन् ।

उक्त गाडी शुक्रबार राति प्रान्तीय राजधानी फैजाबाद सहरतर्फ गइरहेको बेला दुर्घटना ग्रस्त भएको प्रान्तीय सूचना तथा संस्कृति निर्देशक जबिहुल्लाह अमिरीले बताएका छन् । मृतकमध्ये एक जना ड्राइभर र अन्य तीन महिला तथा चार बालबालिकालगायतका मानिसहरू रहेको उनले बताएका छन् । *रासस/सिन्ह्वा*


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
डडेल्धुरा अस्पताल, डडेल्धुरा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति:२०८१/०८/०२ गते)

यस कार्यालयको मिति २०८१।०५।३० गतेमा प्रकाशित सूचना वमोजिम सरसफाई सामाग्री आपूर्ति गर्ने कार्यका लागि पेश भएका बोलपत्रहरुमध्ये बाट तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतीको लागि छनौट गरिएको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| ठेक्का नं. | विवरण | फर्मको नाम र ठेगाना | कवोल अंक (भ्याट वाहेक) |
|---|---|---|---|
| MoHP/DH/S/NCB/03/2081-82 | Procurement of Sanitation Items for Hospital | Salghari Enterprises Pvt. Ltd. Lalitpur. | 4,89,500/ |
| | | Milan Multi International Suppliers Kathmandu. | 7,38,000/ |
| | | B.N. Business Concern Dadeldhura. | 6,39,300/ |
| | | Bhuwaneshwori Nirman Sewa & Suppliers Dadeldhura. | 5,72,000/ |

मेडिकल सुपरिन्टेन्डेन्ट



**Armed Police Force, Nepal Headquarters**
**Procurement Division, Halchwok, Kathmandu, Nepal.**

**Sealed Quotation (IFQ No: APFN/SQ/G/01/2081/082) (Re-Notice)**

*Date of publication: 2081/08/02*

1. Armed Police Force, Nepal Headquarters Procurement Division, Halchwok, Kathmandu, Nepal invites sealed Quotation from eligible bidders for Procurement of below mentioned goods.
2. A complete set of Bidding Documents may be purchased from the office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee NRs. 1,000/- till 2081/08/16 during office hours.
3. Sealed bids must be submitted to the office of Armed Police Force, Nepal Headquarters Procurement Division, Halchwok, Kathmandu, Nepal on or before 12:00 noon on 2081/08/17, Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on 2081/08/17, at the office of Armed Police Force, Nepal Headquarter, Procurement Division, Halchwok, Kathmandu, Nepal. Bids must be valid for a period of 45 days from the date of bid opening and must be accompanied by a bid security amounting to below mentioned respective coloum, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following deposit account as specified below.
**Bid Security Amount May be deposited in following Account :**
Name of the Bank: Rastriya Banijya Bank, Branch Thamel.
Name of Office : Armed Police Force, Nepal Headquarters
Office Code No.: 314053507
Deposit Account No. 11000102030000 KHA 2-3
**Bidders,Submiting their bid, should deposit the cost of bidding document in following Account :**
Name of the Bank: Rastriya Banijya Bank, Branch Thamel.
Name of Office : Armed Police Force, Nepal Headquarters
Office Code No.: 314053507
Rajaswa Shirshak No.14229
**Office Information:** Tel: 01-5249005, e-mail: apfprocurement@gmail.com
5. The name and identification of the contracts are as follows:

| S.N. | Contract Identification No. | Name of Procurement | Bid security Amount and Minimum Validity Date |
|---|---|---|---|
| 1. | APFN/SQ/G/01/2081/082/01 (Re-Notice) | Hospital Network Related Items | Nrs.45,000/- 2081/11/02 |
| 2. | APFN/SQ/G/01/2081/082/02 (Re-Notice) | Vehicle Management System | Nrs.38,000/- 2081/11/02 |
| 3. | APFN/SQ/G/01/2081/082/04 (Re-Notice) | Video Items | Nrs.38,000/- 2081/11/02 |
| 4. | APFN/SQ/G/01/2081/082/05 (Re-Notice) | Armourer Items | Nrs.38,000/- 2081/11/02 |
| 5. | APFN/SQ/G/01/2081/082/06 (Re-Notice) | Traffic Control Light | Nrs.38,000/- 2081/11/02 |



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२१६६५८९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६०१०० | प्रति तोला - ० | प्रति तोला - १९१० |



**स्ट्राबेरी खेती** | घोराही उपमहानगरपालिका-१४ झिंगौरामा किसान वीरेन्द्र खड्काले मल्चिङ प्रविधिबाट व्यावसायिक रूपमा गरेको स्ट्राबेरी खेती । *तस्बिर: सुशीला ओली/रासस*

# करका लक्ष्य प्राप्तिका लागि इमान्दारीपूर्वक काम गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले करका लक्ष्य पूरा इमान्दारी पूर्वक काम गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । 'राष्ट्रिय कर दिवस, २०८१' का अवसरमा शनिबार आयोजित कार्यक्रममा उनले आन्तरिक राजस्व विभाग र मातहत कार्यालयमा कार्यरत कर्मचारीले कार्य सम्पादन कमजोर बनाउनु हुँदैन भने ।

उनले भने, 'विभाग र मातहतका कार्यालयको कार्यसम्पादन सूचक सन्तोषजनक छैनन् । गत आर्थिक वर्षको तुलनामा अहिले प्रगति कमजोर देखिएको छ । तोकिएको कार्य सम्पादनमा थप गम्भीर भएर लाग्नुहोस् ।' असामान्य अवस्थामा सामान्य तरिकाको काम गराइले लक्षित राजस्व संकलन हुन नसक्ने जनाउनुहुँदै अर्थमन्त्री पौडेलले कर प्रशासनलाई आधुनिकीकरण गर्ने, लागत घटाउने, प्रविधिमैत्री जनशक्ति विकास गर्ने, करको दायरा विस्तार गर्ने, कर प्रशासनसँग जोडिएका काममा समय र लागत घटाउने गरी काम गर्नुपर्ने बताए ।

अनिवार्य प्रकृतिका दायित्व बढ्दै गएको, सार्वजनिक ऋणको आकार ठूलो हुँदै गएको र साँवा ब्याज भुक्तानीमा ठूलो रकम खर्च भइरहेको अवस्थामा आन्तरिक राजश्वको दायरा बढाएर लक्ष्यअनुसार उपलब्धी हासिल गर्नसक्नुपर्ने अर्थमन्त्री पौडेलको भनाइ छ । राज्यलाई कर तिर्नु भनेको हरेक नागरिकको कर्तव्य मात्र नभई गौरवको विषय रहेको उनको भनाइ छ । 'करदाता र कर प्रशासनबीच सोहार्दपूर्ण वातावरण बनाउन आवश्यक छ । कर प्रशासनले करदातालाई अनुचित ढङ्गले दुःख दिनु हुँदैन', उनले भने ।

कार्यक्रममा अर्थसचिव डा. रामप्रसाद घिमिरेले मुलुकको समग्र अर्थतन्त्र चलायमान बनाउने र सहज लगानीको वातावरण तयार पार्न सके करको दायरा आफै बढ्ने बताए । राजस्व प्रशासनलाई कसरी सुधार गर्ने भनेर सरकारले काम गरिरहेको उनको भनाई छ । उनले भने, 'हाम्रो जिम्मेवारी कर संकलनसँगै आर्थिक क्रियाकलापसमेत चलायमान बनाउनु हो । मुलुकभित्र लगानीको वातावरण बनाउन सके कर आफै बढ्छ ।'

अहिले नेपालको अर्थतन्त्रमा केहि सुस्तता देखिए पनि खराब अवस्थामा भने नरहेको दाबी अर्थसचिव घिमिरेको छ । 'हामीले अर्थतन्त्र खराब छ भन्ने भाष्य बनाउन हुन्न । हाम्रो रफ्तार पर्याप्त छैन तर, हिनताबोध गर्नुपर्ने अवस्था छैन', उनले भने, 'तरलता सहज अवस्थामा भएपनि लगानी र आर्थिक क्रियाकलाप विस्तार हुन सकेका छैनन् । निजी क्षेत्रको लगानी विस्तार हुन सकेन भने सरकारको लगानी मात्रले अर्थतन्त्र सुधार हुन सक्दैन ।' निजी क्षेत्र कसरी चलायमान हुन्छ र लगानी बढ्छ भन्ने कुरामा पर्याप्त छलफल भएको अर्थसचिव घिमिरेले बताए ।



राजस्व सचिव दिनेश कुमार घिमिरेले निजी क्षेत्रका समस्या सुन्न कर प्रशासन तयार रहेको बताए । अहिले बजारमा समग्र मागमा संकुचन आएकोमा त्यसलाई सुधार गर्ने प्रतिद्धता उनले जनाए । त्यस्तै, राजस्व क्षेत्र सुधारका लागि नीतिगत र संरचनागत सुधारका लागि काम गर्ने राजस्व सचिव घिमिरेको भनाई छ ।

व्यक्तिगत आयकरतर्फ गत आर्थिक वर्ष सबैभन्दा बढी कर तिरेका व्यवसायी राजबहादुर शाहले राजनीतिक अस्थिरताका कारण मुलुकमा लगानीका लागि उचित वातावरण तयार हुन नसकेको बताए । हरेक वर्ष देशभित्र नयाँ उद्योग खुल्नु पर्नेमा पछिल्ला वर्षहरूमा क्रमश: उद्योगहरू बन्द हुँदै गएको पनि उनको भनाइ छ ।

## उत्कृष्ट करदाता सम्मानित

सरकारले राष्ट्रिय कर दिवसका अवसरमा उत्कृष्ट करदातालाई सम्मान गरेको छ । आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी कर तिरेका करदातालाई राष्ट्रिय कर दिवस तथा कर सप्ताहका अवसरमा सम्मान गरिएको हो । अघिल्लो आर्थिक वर्षमा सबैभन्दा बढी आयकर नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले तिरेको छ । एकलौटी फर्ममध्ये सबैभन्दा बढी आयकर दाखिला गरेवापत श्रुति ट्रेडर्सलाई पनि सम्मान गरिएको छ ।

वस्तु निर्यात कारोबार गर्ने कम्पनीतर्फ सबैभन्दा बढी आयकर डाबर नेपाल, सूचना प्रविधि सेवा निर्याततर्फ कोडावतार टेक, कृषि एवं पशुपन्छी क्षेत्रतर्फ बढी आयकर पतन्जली आयुर्वेद, बैंक वित्तीय संस्था र बीमाको कारोबार गर्ने कम्पनीतर्फ नविल बैंक लिमिटेडलाई सबैभन्दा बढी आयकर तिर्ने कम्पनीका रूपमा सम्मान गरिएको छ । स्वास्थ्य तथा शैक्षिक संस्थातर्फ लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल लिमिटेड, पर्यटन व्यवसायतर्फ तारागाउँ रिजेन्सी होटल लिमिटेड, वस्तु व्यापार गर्ने कम्पनीमा भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोरलाई उत्कृष्ट करदाताका रूपमा सम्मान गरिएको छ ।

गत आर्थिक वर्षमा रु ५० करोड देखि रू एक अर्बसम्मको कारोबार गर्ने कम्पनीतर्फ सिडिएस एन्ड क्लियरिङ लिमिटेड उत्कृष्ट करदाताका रूपमा सम्मानित भएको छ । ऊर्जामुलक उद्योगतर्फ भोटेकोशी पावर कम्पनी, रेमिटेन्स तथा मनी ट्रान्सफर्मर कारोबार गर्ने कम्पनीमा सिटी एक्सप्रेस मनी ट्रान्स्फरलाई उत्कृष्ट करदाताका रूपमा सम्मानित भएका छन् । व्यक्तिगत आयकरतर्फ सबैभन्दा बढी कर तिर्ने करदाताका रूपमा राजबहादुर शाह सम्मानित भएका छन् ।

विसं. २०७५ साउन देखि २०८१ असार मसान्तसम्म तोकिएको समयमा नियमित र सबैभन्दा बढी मूल्य अभिवृद्धि कर तिर्ने कम्पनीका रूपमा होङ्सी शिवम सिमेन्टलाई सरकारले सम्मान गरेको छ । वार्षिक रु ५० करोडसम्म कारोबार गर्ने करदातामध्ये सोल्टी इन्टरप्राईजेज र विशेष उद्योगतर्फ सबैभन्दा बढी आयकर दाखिला गरेवापत वरुण बेभरेजलाई सम्मान गरिएको छ । कर दिवसका अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने कार्यालयहरू पनि सम्मानित भएका छन् ।

# 'गौतम बुद्ध विमानस्थल दीर्घकालीनरूपमा सञ्चालन गरौं'

■ प्रभाव संवाददाता

**लुम्बिनी–** लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि गौतम बुद्ध अन्तर र्ाष्ट्रिय विमानस्थल सञ्चालनका लागि दीर्घकालिन योजना बनाउनुपर्नेमा जोड दिइएको छ । ट्राभल व्यवसायीको साझा संस्था नेपाल एशोसियन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) ले लुम्बिनी प्रदेशको बुटवलमा शनिबार आयोजना गरेको १५औं वार्षिक साधारणसभा तथा अधिवेशनको उद्घाटन कार्यक्रमका वक्ताहरूले अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि पर्यटन व्यवसायीले ऐक्यबद्धतासमेत जनाएका छन् । लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री लिला गिरीले राजनीतिक अस्थिरताका कारणले नै मुलुकका हरेक क्षेत्रमा प्रभाव पारेको बताए । उनले राजनीतिक अस्थिरताले विकास र समृद्धिका योजना ओझेलमा परेको बताउँदै वर्तमान सरकारको ईच्छाशक्तिकै कारण गौतमबुद्ध विमानस्थल सञ्चालनको अवस्थामा पुगेको बताए ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रवन्धक प्रतापबाबु तिवारीले पर्यटकीय गन्तव्यको व्यवसाय प्रवर्द्धनका लागि यात्रुलाई विभिन्न सुविधाका प्याकेज बनाएर दिनुपर्ने बताए । उनले हवाइ सेवामा पहिलो प्राथमिकता यात्रुको सुरक्षा हुने भएकाले गौतमबुद्ध विमानस्थलको अधिकतम सुरक्षाका लागि 'आइएलएस लोयर भिजिविलिटी' परीक्षण गर्न एयरलाइन्सलाई अनुरोध गरिएको जानकारी दिए ।

नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले गण्डकी प्रदेशका सबै पर्यटन व्यवसायीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा सहयोग गर्ने बताए । उनले गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित भएमा लुम्बिनी प्रदेश मात्रै नभएर सिङ्गो देशलाई फाइदा पुग्ने बताए । सुदुरपश्चिमका अध्यक्ष पदम विक्रम सिंहले सुदुरपश्चिम र कर्णालीको लागि भैरहवा सबैभन्दा पायक पर्ने बताए । नाट्टा लुम्बिनी प्रदेशका निवर्तमान अध्यक्ष सागर अधिकारीले गौतम बुद्ध विमानस्थल भइरहेको उडानलाई नियमित गराउन पर्ने बताए ।

नाटा लुम्बिनी प्रदेशका अध्यक्ष रचना पन्तले वर्तमान समयमा विमानस्थलको सञ्चालनले नयाँ आशा जगाएको बताउँदै यस अवसरलाई सकारात्मक ढङ्गले लिएर अघि बढ्नुपर्ने बताए । कार्यक्रममा पर्यटन क्षेत्रमा पत्रकारीताका माध्यमबाट योगदान पुर्‍याएको भन्दै राष्ट्रिय समाचार समिति(रासस) लुम्बिनी प्रदेश कार्यालय प्रमुख भरत केसीलाई सम्मान गरिएको थियो ।

# निजी क्षेत्रसँगको साझेदारी आवश्यक छ : *उद्योगमन्त्री*

■ प्रभाव संवाददाता

**जानकी (बाँके)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विदेशी लगानी आकर्षित गर्न निजी क्षेत्रसँगको साझेदारी आवश्यक भएको बताएका छन् । सरकार यसमा जोड दिन तयार रहेको उनले उल्लेख गरे ।

बाँके उद्योग वाणिज्य सङ्घले शनिबार आयोजना गरेको कार्यक्रममा मन्त्री भण्डारीले ठूला र मझौला उद्योगलाई संरक्षण गर्न सकेमा नेपालले अर्थतन्त्रमा नसोचेको फड्को मार्ने धारणा व्यक्त गरे । उनले रुग्ण उद्योगको संरक्षण सरकारको दायित्व भएको उल्लेख गर्दै लगानी प्रवर्द्धनमा सरकार गम्भीर भएको बताए । सरकार प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा केन्द्रित रहेर काम गरिरहेको मन्त्री भण्डारीले बताए ।

बाँकेको नौवस्तामा निर्माण हुन गइरहेको औद्योगिक क्षेत्र सरकारको प्राथमिकतामा परेको उनको भनाइ थियो । उद्योग क्षेत्रको विकासका लागि भौतिक पूर्वाधार पूर्वसर्त भएकाले तिनको निर्माणलाई सरकारले प्राथमिकतामा राखेको मन्त्री भण्डारीले बताए ।

नौवस्ता औद्योगिक क्षेत्र विकास लिमिटेडका नाममा रहेको जग्गाको केही भागमा अव्यवस्थित रूपमा बस्दै आएका बसोबासीकै कारण लामो समयदेखि विवाद हुँदै आएको उक्त क्षेत्रमा अव्यवस्थित रूपमा बसोबास गर्दै आएका बसोबासीहरूलाई व्यवस्थित गर्न स्थानीय सरकार र प्रदेशका सांसदहरूको सहयोगमा मन्त्रालयमा छलफल गरेर विवादित क्षेत्रलाई छाडेर अन्यत्र व्यवस्थापन गर्ने विषयमा सहमति भएको मन्त्री भण्डारीले जानकारी दिए ।

मन्त्री भण्डारीले नेपालगन्ज उप-महानगरपालिका-१८ स्थित स्टार पोलिपाइप इन्डष्ट्रिज प्रालिको उद्घाटन समेत गरे । निर्यातमुखी उद्योग तथा कलकारखानालाई सरकारले आवश्यक सहयोग गर्ने सो अवसरमा उनले प्रतिबद्धता जनाए । प्रालिका अध्यक्ष कमल कार्कीले करिब रु ६५ करोडको लागतमा सञ्चालित उद्योगले उत्पादन थालेको जानकारी दिए ।

# पहिलो चौमासिकमा करिब १० प्रतिशत मात्रै विकास खर्च

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चौमासिकमा विकास खर्च निकै कम देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार कात्तिक मसान्तसम्ममा पुँजीगत खर्च करिब १० प्रतिशत मात्रै छ । चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १८ खर्ब ६० अर्ब ३० अर्ब ३० करोड बराबरको बजेट ल्याएको थियो । कात्तिक मसान्तसम्ममा २२ दशमलव ३१ प्रतिशत अर्थात् रु चार खर्ब १५ अर्ब दुई करोड खर्च भएको छ ।

सरकारको चालुतर्फको बजेट खर्च वार्षिक लक्ष्यको २५ दशमलव ६५ प्रतिशत छ । चालुगत शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बजेट विनियोजन भएकामा कात्तिक मसान्तसम्ममा रु दुई खर्ब ९२ अर्ब ५२ करोड ६७ लाख बराबर खर्च भएको छ ।




पुँजीगत शीर्षकका रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर विनियोजन भएकामा नौ दशमलव आठ प्रतिशत अर्थात् रु ३४ अर्ब ५३ करोड १० लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा चालु आर्थिक वर्षका लागि रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख बराबर विनियोजन भएकामा पहिलो चौमासिकमा रु ८९ अर्ब ९६ करोड २४ लाख बराबर खर्च भएको छ ।

कात्तिक मसान्तसम्मको राजस्व संकलन वार्षिक लक्ष्यको २२ दशमलव ३६ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख राजस्व संकलन गर्ने लक्ष्य राखिएकामा हालसम्म रु तीन खर्ब २९ अर्ब एक करोड ५५ लाख बराबर खर्च भएको छ । सरकारले चालु आर्थिक वर्षका लागि रु ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखिएकामा हालसम्मको प्रगति शून्य छ ।

# निजी क्षेत्र र लायन्सबीच सहकार्य हुन्छ : *ढकाल*

**गलकोट (प्रस)–** नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय अध्यक्ष चन्द्रप्रसाद ढकालले लायन्सको परोपकारी काम उदाहरणीय रहेको बताएका छन् । उनले नेपालको आर्थिक विकासमा लायन्स र निजी क्षेत्र सहकार्य गरेर अघि बढ्न आफू इच्छुक रहेको बताए । बागलुङमा शनिबार आयोजित लायन्स डिस्ट्रिक ३२५ जे नेपालको दोश्रो क्याबिनेट बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले भूकम्प, बाढीपहिरोजस्ता विपद्मा लायन्सको परोपकार प्रशंसायोग्य रहेको बताए । उनले आर्थिक विकासमा लायन्ससँग निजी क्षेत्रले मिलेर काम गर्दा धेरै जनतालाई रोजगारी सृजना गर्न सकिने बताए ।

लायन्सका सदस्यलाई उत्पादनसँग जोड्ने र निजी क्षेत्रका उद्योगी-व्यवसायीलाई लायन्ससँग जोड्दै परोपरकारी बनाउन आवश्यक रहेको ढकालको भनाइ छ । 'परोपरकार क्षेत्रमा लायन्सको बढी भूमिका देखिएको छ, अब लाइन्स निजी क्षेत्रसँग जोडिएर उत्पादनमूलक कार्यमा लाग्न आवश्यक छ, जनतालाई उद्योगसँग जोड्का लागि १० अर्ब लगानीको नेपाल पब्लिक डेभलपमेन्ट कम्पनी स्थापना गरेका छौं, जनता मालिक बन्ने यो सुनौलो अवसर हो, लायन्सका मित्रहरू आउनुहोस् सहकार्य गरौं, देशको आर्थिक अवस्था उकासौं', अध्यक्ष ढकालले भने ।

व्यवसायलाई एकीकृत गर्न सकेमा ठूलो उपलब्धि हासिल हुने भन्दै पछिल्लो समयमा निजी क्षेत्रका व्यवसायहरू एकीकृत ढङ्गले सञ्चालनमा आउन थालेको ढकालले बताए । जिल्ला जिल्लामा गरिने क्याबिनेट बैठकले पर्यटनको विकाससँगै आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुगेको उनको भनाइ छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ